


## उद्यम विकास शाखाको बार्षिक प्रगति बुलेटिन

# उद्यमीका कुरा

आ.व. २०७७/०७८

## ठाटीकाँध गाउँपालिका, दैलेख

ठाटीकाँध गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र, दैलेख
सम्पर्क फोन : ९८४४८९१३११, इमेल :thatikandha.rmp@gmail.com
Website: thantikandhmun.gov.np

# ठाटीकाँध गाउँपालिका, दैलेखको संक्षिप्त परिचय

दैलेख जिल्ला र ठाटीकाँध गाउँपालिका, दैलेखको छोटो परिचय : दैलेख जिल्ला कर्णाली प्रदेशमा पर्ने एक जिल्ला हो । यो जिल्लाको सदरमुकाम दैलेख बजार हो । दैलेख जिल्ला कर्णली प्रदेश अर्न्तगत पूर्वमा जाजरकोट, उत्तरमा कालिकोट पश्चिममा अछाम र दक्षिणमा सुर्खेत जिल्लाको विचमा रहेको एक रमरणीय मध्य पहाडी जिल्ला हो । यो जिल्लाको सदरमुकाम दैलेख बजार काठमान्डौबाट करिव ६५० किलोमिटर पश्चिम, कोहलपुरबाट १५० किलोमिटर र सुर्खेत उपत्यकाबाट ६५ किलोमिटर उत्तरमा रहेको छ। ऐतिहासिक धरोहरका रुपमा रहेको यस पहाडी जिल्लाको उत्तर सिरमा मनमोहक महाबुलेक, दक्षिण र पश्चिममा कर्णाली नदी र जिल्ला भित्र लोहोरे, छामघाट, शीरस्थान, पादुका, कोटिला, धुलेश्वर जस्ता पानीमाथी दीप बल्ने पाँचकोशी तिर्थस्थलका नामले प्रसिद्ध रहेका क्षेत्रहरु रहेका छन् । धार्मिक रुपमा काठमान्डौ र लुम्वीनी पछिको प्रख्यात धार्मिक स्थलहरु यस जिल्लामा रहेका छन् । यस जिल्लाको प्रमुख व्यापारिक केन्द्र, दैलेख बजार, बेस्तडा बजार, दुल्लु बजार, गुराँसे बजार, राकमकणाली बजार, ठाटीकाँध  बजार, गैडाबाज बजार नौमुले बजार आदी हुन् । यो जिल्लामा पर्यटकीय सम्भावनाको जिल्लाको रुपमा रहेको छ ।

ठाँटीकाँध गाउँपालिका नेपालको कणाली प्रदेश अन्तरगत दैलेख जिल्लामा पर्ने ११ स्थानीय तह मध्ये एक स्थानीय तह हो । यस गा.पा.को पूर्वमा चामुण्डा विन्द्रासैनी नगरपालिका, उत्तरमा कालिकोट जिल्लाको कालिका गा.पा., पश्चिममा दैलेखको आठविस नगरपालिका र दक्षिणमा चामुण्डा विन्द्रासैनी न.पा.र आठविस न.पा.का केहि भूभागको विचमा अवस्थित यो गाँउपालिका प्राकृतिक सम्पदा,साधन स्रोतमा सम्पन्न भएता पनि आर्थिक रुपले कमजोर रहेको छ । यस गा.पा मा साविकका विशाला, लकान्द्र र तोलिजैसी गा.वि.स.हरु मिलेर सिंगो गाउपालिका निमार्ण भएको छ ।

यस गाँउपालिकाको जम्मा क्षेत्रफल ९.७५ वर्ग किलोमिटर छ भने राष्ट्रिय जनगणना २०६८ अनुसार १८,८९६ जनसंख्या रहेको छ । छन् । सवैजसो जातजातिको वसोवास रहेको यस गा.पा.मा आ आफ्नै भाषा भाषिको पनि पहिचान छ । जल, जमिन, जंगल, जडिवुटि, जंगल, जनावर एवं उर्वर भूमी रहेको यो गाँउपालिका अनेकतामा एकता रहेको गाँउपालिका हो । पूर्वमा रामगाड, उत्तरमा भूतगाड भएर वग्ने सिंगो रामगाड खोला, पश्चिम तर्फ चिनेखोला निरन्तर वगिरहने खोलाहरु हुन । यि ३ वटै खोलावाट प्रशस्त मात्रामा ढुङ्गा, गिट्टी, वालुवा जस्ता निमार्णका सामग्री उपलब्ध हुने संम्भावना छ । यस गा.पा.मा जलविधुतको प्रशस्त मात्रामा संम्भावना रहेको छ । लेकाली क्षेत्रमा पाईने निलम ढुङ्गा र जौचरमा पाइने तामा खानी एवम् तिरुवा टोलको फलाम खानीको उत्खनन् गर्न सकेमा यो गाँउपालिका लगाएत सिंगो प्रदेश र राष्ट्रकै आर्थिक समृद्धिमा टेवा पुग्ने देखिन्छ ।


# गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)
# एक परिचय

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (MED-PA) नेपाल सरकार वाट अनुदान सहयोग र यस गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत स्थानीय तहवाटै कार्यक्रम कायन्यन भएकोमा हामी गौरवान्वीत भएका छौं। गरिवी न्युनीकरणको प्रयासमा एक कोशे ढुंगा सावित भएको लघु उद्यम विकास कार्यक्रमलाई हाम्रो गाउँपालिकाले अझै सशक्त र पारदर्शि ढंगले कार्यन्यन गर्ने छ। संघिय सरकारवाट आएको अनुदान सहयोग वाट यस आ.व.मा ९० जना र गाउँ पालिकाको लगानीमा ५२ जना गरी जम्मा १४२ जना लाई मागमा आधारित विभिन्न सीप विकास तालिम प्रर्दान गरी नयाँ लघु उद्यमी सिर्जना भएका छन् भने ५० जना पूराना उद्यमीको स्तरोन्नतीको कार्य लघु उद्यम विकास कार्यक्रमको उद्यम विकास नमुनामा आधारित रहि विभिन्न उद्यमशिलताका क्रियाकलापहरु संचालन तथा सम्पन्न गरिएका छन् । तलका बुदाहरुबाट लघु उद्यमको परिचयलाई परिस्कृत गरिएको छ।


१. घरजग्गा बाहेक बढीमा विस लाख रुपैया सम्मको स्थिर पुजी रहेको,
२. उद्यमी स्वयम् उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,
३. उद्यमी सहित बढीमा नौ जना सम्म कामदार रहेको,
४. बार्षिक कारोबारो एक करोड रुपैयाँ भन्दा कम रहेको । र
५. इन्जीन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा विद्युतिय उर्जा खपत वीस किलोवाट भन्दा कम रहेको ।

**परियोजनाको उद्धेश्यः**

१. स्थानीय स्रोत, सीप र साधनको उपयोग गर्न ।
२. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न ।
३. युवाहरुको आप्रवासनलाई निरुत्साहित गरि ग्रामीण क्षेत्रमै रोजगारी सिर्जना गर्न (वार्षिक करिव ५ लाख जना कामको खोजीमा आउने)
४. गरीबको आयआर्जनामा वृद्धि गरी गरिब र धनि विच आयको खाडल घटाउन ।
५. महिला र सामाजिक रुपमा पछाडी परेका समुदायको आर्थिक सशक्तिकरण गर्न ।
६. आत्मनिर्भरतामा वृद्धि गर्न ।
७. स्वास्थ, शिक्षा जस्ता आधारभुत आवश्यकताको परिपूर्ति गर्न।
८. समुन्नत समाजको निर्माण गर्न ।




**लघु उद्यम विकास कार्यक्रमको कार्यान्वयन चरणहरु :**




**ठाटीकाँध गाउँपालिका, उद्यम विकास शाखाले सञ्चालन गरेका कार्यहरू :**

**क) नयाँ लघु उद्यमी सिर्जना तर्फ :**

१. प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययन ।
२. कार्यक्रमबारे अभिमुखीकरण ।
३. गाउँ उद्यम विकास समिति गठन ।
४. सहभागितामूलक ग्रामिण लेखाजोखा ।
५. घरधुरी सर्भेक्षण ।
६. समूह निर्माण र क्षमता अभिवृद्धि ।
७. उद्यमशीलता विकास तालिम ।
८. प्राविधिक सीप विकास तालिम ।
९. लघु उद्यम नीति सम्बन्धमा सुसूचित, वकालत र पैरबी ।
१०. तथ्याङ्क विबरण अध्याबधिक गर्ने कार्य ।

**ख) भैरहेका लघु उद्यमीहरुको स्तरोउन्नती तर्फ :**

१. आवश्यकत्ता पहिचान तथा व्यवसायिक परामर्श कार्यक्रम ।
२. व्यवसाय सुधार तालिम तथा वस्तुको वजारीकरणमा सहयोग ।
३. स्तरोन्नती सीप विकास तालिम तथा उपयुक्त प्रविधि हस्तान्तरण ।
४. लघु कर्जा समन्वय कार्यक्रम ।



**लक्ष्य अनुसार प्रगती**:

आ.व. २०७७/०७८ मा मेड्पा कार्यक्रमको प्रगति तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्र.स. | क्रियाकलाप | लक्ष्य | उपलब्धी |
|---|---|---|---|
| क) | सामाजिक परिचालन तर्फ | | |
| १ | मेड्पा अभिमुखीकरण कार्यक्रम संचालन | ६ वटा वडामा | ७ स्थानमा ३८८ जना विच सम्पन्न |
| २ | PRA संचालन | ६ स्थानमा | ६ स्थानमा ३५८ जना विच सम्पन्न |
| ३ | बजार/स्रोत सम्भावना अध्ययन | ७ स्थानमा | ७ स्थानमा सम्पन्न । |
| ४ | फारम ए, वि, | farm A-155 and B-145 | A-165, B-155, GSIMIS Databaseईन्टी भएको । |
| ५ | उद्यमशिलता विकास तालिम SIYB (TOPE/TOSE & GESI)प्याकेज | २९९ जना | २९९ जना विच सम्पन्न । |
| ६ | समुह गठन । | १४ वटा | १५लघु उद्यमी समुह गठन ( १४४ जनाका विच गठन गरिएको ) |
| ख) | सिप विकास तालिम | १३८ | १४१ जना विच कार्यन्वयन भईसकेको |
| १ | लामो अवधिको सीप विकास तालिम ( ४६ दिन देखि ९० दिन सम्म) | ३८ जना | २० जना लाई आधारभुत सिलाई कटाई सीप विकास तालिम, ८ जना काष्ठकला निमार्ण सीप विकास तालिम र १० जनाका विचमा ढाँका कपडा उत्पादन सीप विकास तालिम गरी ३८ जनाका विचमा लामो अवधिको सीप विकास तालिम सपन्न भएको । |
| २ | मध्यम अवधिको सीप विकास तालिम । (१६ दिन देखि ४५ दिन सम्म) | ४५ जना | हाउस वायरिंग सम्वन्धि २१ जना,हाते होजियारी १० जना,फलामका कृषि औजार निमार्णमा ६ जना र फर्निचर तालिम ८ जना गरी ४२ जना लाई मध्यम अवभिको सीप विकास तालिम संन्चालन तथा सम्पन्न भएको । |
| ३ | छोटो अवधिको सीप विकास तालिम (६ दिन देखि १५ दिन सम्म) | ६९ जना | व्यवसायिक तरकारी खेती ३७ जना,मौरी पालन १२ जना,दालमोठ १० जना, वाँसका सामग्री निमार्णमा ७ जना र नसरी व्यवस्थापनमा ३ जना गरी जम्मा ६९ जना का विचमा छोटो अवधिको सीप विकास तालिम सम्पन्न । |

## मेडपा कार्यक्रमबाट लाभान्वीत जनसंख्याको विवरण (आ.व.२०७७/०७८)

| क्र.स. | कार्यक्रमको नाम | महिला | पुरुष | जम्मा | दलित | जनजाती | ब्रा,क्षेत्री,अन्य | अपांग | युवा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अभिमुखिकरण कार्यक्रम | १४५ | २३४ | ३७९ | ९४ | ३४ | २५१ | २ | ३२७ |
| २ | सहभागितात्मक ग्रामीण लेखाजोखा कार्यक्रम | १४८ | २१० | ३५८ | ९२ | ३४ | २३२ | ४ | ३०१ |
| ३ | घरधुरी सर्वेक्षण कार्यक्रम | ७९ | ७६ | १५५ | ४५ | २३ | ८७ | ६ | १४३ |
| ४ | समह गठन | ८३ | ६१ | १४४ | ४२ | २७ | ७५ | ४ | ११६ |
| ५ | उद्यमशिलता विकास तालिम | १५८ | १४१ | २९९ | ८९ | ४६ | १६४ | ६ | २८२ |
| ६ | प्राविधिक सीप विकास तालिम | ७६ | ६७ | १४३ | ४२ | २७ | ७४ | ६ | १३१ |
| ७ | उपयुक्त प्रविधि सहयोग | ७६ | ६७ | १४३ | ४२ | २७ | ७४ | ६ | १३१ |
| ८ | ब्यवसाय सुधार तालिम | १९ | ५ | २४ | ५ | ५ | १४ | २ | २० |
| ९ | ब्यवसायिक परामर्श सेवा | ३५ | १५ | ५० | ४ | ० | ४६ | २ | ३७ |
| १० | स्तरोन्नती सीप विकास तालिम | २० | ० | २० | ० | ० | २० | १ | २० |
|  | जम्मा | ८३९ | ८७६ | १७१५ | ४५५ | २२३ | १०३७ | ३९ | १५०८ |

### आर्थिक प्रगति विवरण :

| क्र. स. | क्रियाकलापहरु | संघिय सरकार |  | स्थानीय सरकार |  | जम्मा स्वीकृत वजेट | जम्मा खर्च वजेट |
|---|---|---|---|---|---|---|---|
|  |  | स्वीकृत वजेट | खर्च वजेट | स्वीकृत वजेट | खर्च वजेट |  |  |
| **नयाँ लघु उद्यमी सिर्जनका कार्यक्रम तर्फ** |  |  |  |  |  |  |  |
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन। | ७६८०० | ७६९३३ | ३६००० | ३५९८० | ११२८०० | ११२९१३ |
| २ | उद्यमशिलता विकास तालिम (TOPE/TOSE& GESI) | १७७३०० | १७७४५० | ११७००० | ११८२०० | २९४३०० | २९५६५० |
| ३ | प्राविधिक सीप विकास तालिम (LONG TIME) | ५९४५०० | ५९४४८६ | ० | ० | ५९४५०० | ५९४४८६ |
| ४ | प्राविधिक सीप विकास तालिम (MEDIUM TIME) | ४०७९५० | ४०७९३० | ० | ० | ४०७९५० | ४०७९३० |
| ५ | प्राविधिक सीप विकास तालिम (SHORT TIME) | ० | ० | ४२०००० | ४१९९४० | ४२०००० | ४१९९४० |
| ६ | कर्जा प्रवाह तथा घुम्तीकोष परिचालनका कार्यक्रम | १०२४५० | १०२४४० | १९२००० | १९२००० | २९४४५० | २९४४४० |
| ७ | उपयुक्त प्रविधि पहुच र हस्तान्तरण कार्यक्रम (LONG/MEDIUM TIME) | ४५९२०० | ४५९१९० | ० | ० | ४५९२०० | ४५९१९० |
| ८ | उपयुक्त प्रविधि पहुच र हस्तान्तरण कार्यक्रम (SHORT TIME) | ० | ० | १७९२०० | १७९१६० | १७९२०० | १७९१६० |
| ९ | वजार सम्वन्ध विकास कार्यक्रम | १०२८४० | ९६५४० | ० | ० | १०२८४० | ९६५४० |
| १० | कर्मचारी ब्यवस्थापन तर्फ | ६३८९६० | ६३८२१० | ० | ० | ६३८९६० | ६३८२१० |
| ११ | कार्यालय ब्यवस्थापन तथा तालिम प्रशिक्षक खर्च | ० | ० | २५५८०० | २५५६७० | २५५८०० | २५५६७० |
|  | **जम्मा** | **२५६००००** | **२५५३१७९** | **१२०००००** | **१२००९५०** | **३७६००००** | **३७५४१२९** |
| **स्तरोन्नती कार्यक्रम तर्फ** |  |  |  |  |  |  |  |
| १ | आवश्यकत्ता पहिचानका आधारमा (SIYB/TOEE) तथा स्तरोन्नती सीप तालिम। | ३७२१०० | ३७१६८० | ० | ० | ३७२१०० | ३७१६८० |
| २ | उपयुक्त प्रविधि सहयोग कार्यक्रम। | ३६७९०० | ३६१३७५ | ० | ० | ३६७९०० | ३६१३७५ |
|  | जम्मा | ७४०००० | ७३३०५५ | ० | ० | ७४०००० | ७३३०५५ |
|  | **कुल जम्मा** | **३३०००००** | **३२८६२३४** | **१२०००००** | **१२००९५०** | **४५०००००** | **४४८७१८४** |

**मेड्पा परियोजनाको कार्यप्रगति (आ.व.२०७७/०७८) :**

१. यस स्थानिय तहमा मेड्पा निर्देशिका २०७७ अनुसार गाँउ पालिका स्तरिय उद्यम विकास समिति गठन ।

२. १५ वटा लघु उद्यमी समुह सिर्जना भई स्थानिय तहमा,आवद्ध हुने प्रकृयामा रहेको ।

३. ६ वटा वडामा २९९ जना नयाँ लघु उद्यमीहरुले आफ्नो व्यवसाय सुरु तथा सुधार गर्नुहोस तालिम प्याकेज प्राप्त गरि व्यवसायिक सचेतना सम्वन्धि ज्ञान तथा सीप प्राप्त गरेका ।

४. कार्यक्षेत्रका ६ स्थानमा ३५८ जना सहभागीहरु विच सहभागीतामुलक ग्रामिण लेखाजोखा सम्पन्न भई लक्षित वर्गको छनोट गर्न सफल भएको ।

५. १४३ जनालाई मागमा आधारित विभिन्न किसीमका सीप विकास तालिम प्रर्दान गरी उनीहरुमा ४० प्रतिशत ले व्यवसाय शुरु गरेका ।

६. १४२ जना नयाँ र २४ जना पुराना उद्यमीहरु लाई प्रविधि सहयोग गर्नु का साथै २० जना उद्यमीहरु लाई स्तरोन्नती तालिम प्रर्दान गरिएको ।

७. घुम्तीकोष परिचालनका लागि वित्तिय संस्था छनोठ गर्नुका साथै गाउँपालिकाको १,९२,००० र वित्तिय संस्थाको ५७,६०० गरी २,४९,६०० को संयुक्त कोष निमार्ण गरी परिचालनको प्रक्रिमा रहेको ।

८. विभिन्न समस्याहरु द्वारा जुधिरहेका १४२ जना लघु उद्यमीहरुलाई व्यवसायिक योजना निर्माण तथा ५० जनालाई व्यवसायिक परामर्श प्रदान गरि उद्यमीहरुको व्यवसाय प्रर्वद्धनमा सहयोग पुराउने कार्य सम्पन्न भएको ।



# जीविकोपार्जनको क्षेत्रमा युवाहरूको भूमिका



मोहन सिंह बुढा

जीविकोपार्जनको क्षेत्रमा समाज रुपान्तरण गर्न युवाहरुको भुमिका एकदमै महत्वपुर्ण रहन्छ। अझ भन्ने हो भने सामाजिक परिवर्तनका हरेक पक्षमा युवापिडीहरु अगाडी सर्न आजको आवश्यतता तथा समाजको माग हो। आजको हाम्रो समुदायको सन्दर्भलाई हेर्दा जीविकोपार्जन सुधारका लागि उत्तम अभ्यास र विकासको अनुसरण गर्नुपर्ने आवश्यकत्ता खडकि रहेको छ। पुखौं देखि अपनाउदै आएको कृषि र पशुपालन पेशा प्रति मानिसहरुको आर्कषण घटेदै गएको देखिन्छ। आफ्नो मुल पेशामै मानिसहरु व्यवसायिक वन्न तयार देखिदैनन्। निर्वाहमुखी खेतीप्रणालीले मानिसहरु लाई केहि ब्यस्त वनाए पनि दैनिक जीविका चलाउन गाह्रो भैरहेको अवस्था छ। कृषि र पशुपालन पेशा परम्परागत पद्धतिवाट माथि उठ्न सकेको छैन। पढलेख गरेका युवाहरु सकभर स्वदेशमै जागिर खोज्ने नभेटिए विदेश जाने उपाएलाई विकल्पको रोजाई मा राखेका छन्। हाम्रो देशको शिक्षा प्रणाली व्यवहारिक नहुदा वर्षौं लगानी गरेर पढेको शिक्षा वेरोजगार उत्पादन गर्ने कारखाना जस्तै भएको छ।

हामी युवाहरु जीविकोपार्जनकै समस्याले लाखौ पैसा ऋण गरेर विदेश जान तयार हुन्छौ, तर त्यहि पैसालाई स्थानीयतहमा पाईने श्रोत साधनको प्रयोग वाट संन्चालन हुने व्यवसायमा लगानी गरेर स्वरोजगार वन्न तयार हुदैनौं। यसले गर्दा एकातिर गाँउको उत्पादनशिल जग्गा बाँझिदै गएको छ भने अर्कातिर युवा जनशक्ति विदेशमा मजदुरी गर्ने जानेको लर्को छ। यसको मुख्य कारण हामिमा व्यवसायिक सोचको कमी हो। पछिल्लो समयमा गाँउघरमा हुने पुजाआजा, विवाह, मर्दापर्दा र अन्य सामाजिक कार्यमा आवश्यक पर्ने युवाहरु अव गाउँमै भेटाउन गाह्रो पर्ने अवस्था वढ्दै गएको छ। हाम्रा डाँडापाखा र वन जंगलमा रहेको जडिवुटी र मसलाजन्य चिजविजहरु खरिद गर्ने भारतिय दाजुभाईहरु गाँउगाँउमा बाग्लै भेटिन्छन्। उनिहरुको लागि त्यहि गाँउ पैसा कमाउने उपयुक्त थलो बनिरहेको छ। उनिहरुले गाँउ-गाँउमा डुलाएर भाँडा कपडा वेचिरहेका छन्। गाँउमा बोका, बाखा र लोकल कुखुरा खरिद विक्री गरेर मुनाफा कमाई रहेका छन। पुराना आल्मुनियमका भाडाहरु संकलन गरी मुर्ति लगाएका सामग्री निमार्ण गरी व्यवसाय गरिरहेका भारतिय युवाहरुको ब्यवसायलाई हामि दिनैभरी लगाएर हेर्छौ तर त्यस्ता खालका ब्यवसायवाट हामिमा कुनै कुराको सिकाई भएको छैन। यी वाहेका दिनमा एक दुई हजार मात्र लगानि गरेर झन्डै हजारौ नाफा कमाउने चना चट्पटे र चाटका ब्यापारीहरु बजारका चोक चोकमा ब्यस्त छन्। सडकमा ठेला धकेलेर तरकारी र फलफुल बेच्ने ब्यापारीहरुले पनि विदेश कमाउन जानेकै हाराहारीमा नगद आर्जन गरिरहेकै सुनाउँछन्।

मैले यसो भनिरहदा विदेशमा जानै हुदैन भनेको होईन। हाम्रो परनिर्भतापूर्ण सोचमा परिवर्तन ल्याउन जरुरी छ भन्ने मुल कुरा हो। सामान्य रुपमा हामीले नै उत्पादन गरेको तरकारीको गाँउगाँउमा गएर तरकारीको थोक तथा खुद्रा ब्यापारी बनेर आयात तथा निर्यातको काम गरिरहेका र बजारको अधिकांश ठाँउमा नास्ता तथा मिठाईका पसलहरु संन्चालन गरेर जीविकोपार्जन गरिरहेका प्रायः भारतिय दाजुभाईहरुको पेशावाट हामिले कम्तिमा अनुशरण पनि गर्ने सकेनौं। यहाँ मैले भन्न खोजेको सवैले उस्तै पेशा गर्नुपर्छ भन्ने

पनि होईन तर स्थानिय वजारको माग, स्थानिय श्रोत, साधन तथा आफूमा भएको सीप र क्षमताको प्रयोग गरी उत्पादन मुलककाममा हामी युवा जुट्न सकेमा हाम्रै वरीपरि स्वरोजगारको प्रशस्त सम्भावना रहेको कुरा लक्षित गर्ने खोजेको हुँ । जीविकोपार्जनकै लागि वर्षौं सम्म प्रदेशमा पसिना वगाई रहेका दाजुभाईहरुले मात्र नभै गाँउमै रहेका बेरोजगार तथा अर्धबेरोजगार युवाहरुले जीविकोपार्जन सुधारका लागि आफुनो मुल पेशाको छनोट गरेर व्यवसायिक बन्न जरुरी देखिन्छ । यी सम्पुण कार्य गर्नका लागि आजैका दिन देखि हामीमा व्यवसायक सोच पलाउन आवश्यक छ ।

लेखक : मोहन सिंह वुढा,
ठाटीकाँध गाउँपालिका दैलेखमा उद्यम विकास शाखा प्रमुखको पदमा कार्यरत हुनुहुन्छ

**गजल**

कुनै उद्यम व्यवसाय गर्न बेस रैछ,
उत्पादनको बिउ अव छर्न बेस रैछ ॥

ठुलाठुला भट्टी पसल शहर वजार भन्दा,
उद्यम गर्न गाँउमै डेरा शर्नु बेस रैछ ॥

आप, जुनार अनार खेती गर्नु परे पछि,
लेख भन्दा वेसी तिर झर्नु वेस रैछ ॥

स्रोत, सीप, साधन अनि श्रम ठुलो रैछ यहाँ,
केहि नगरी वस्नु भन्दा मर्नु बेस रैछ ॥

**विपना सलामी मगर**
**(अध्यक्ष)**
**विजारेचौर ढाँका उत्पादन**
**लघु उद्यमी समुह ।**

**गजल**

सीप सिकौ उद्यम गरौं, आफ्नै गाउँघर तिर ।
घर चलाउन, पढन लेख्न केहि हुदैन पिर ॥

पानी, जंगल, सिस्नो, काउलो तपाई हाम्रो गाउँमा ।
सम्पती हुन यिनी हाम्रा बचाई राखौं, ठाउँमा ॥

पानी घट्ट, डोको डालो, कोदो फापर खेती ।
उर्वर हाम्रो जमिनलाई केहि हुदैन क्षेती ॥

उद्यमशिलता तालिम आयो हाम्रो गाँउमा जब ।
कमाउन र बचाउन जान्नु पर्छ अब ॥

मेहेनत गरी काम गरे गाउँमै पैसा फल्छ ॥
सुःखी अनी आनन्दले हाम्रो जीवन चल्छ ॥



**चन्द्रा सलामी**
**(कोषाध्यक्ष)**
**दोभान लघु उद्यमी समुह,**
**ठाटीकाँध गाउँपालिका २, दैलेख**

# व्यवसायिक योजना एक परिचय



कृपाराम थापा

**योजना भनेको के हो ?**

कुनै पनि कार्य शुरु गर्नु अघि के काम गर्ने, कहाँ शुरु गर्ने, कहिले गर्ने, कसरी गर्ने, त्यसको निम्ति कति खर्च लाग्छ ? आदि कुराहरु बारे विचार गर्ने कुरा नै योजना हो । त्यसै गरि कुनै पनि व्यवसाय शुरु गर्नुभन्दा पहिले व्यवसायका पक्षहरु समेटेर बानाइने योजनालाई नै व्यवसायिक योजना भनिन्छ । यहाँ व्यवसायिक योजनाको बारेमा संक्षिप्त चर्चा गर्ने प्रयास गरिएको छ ।

**व्यवसायिक योजना भनेको के हो ?**

कुनै पनि व्यवसायसंग संचालन गर्नको लागि आवश्यक सम्पूर्ण पक्षहरु जस्तैः- वजार, उत्पादन, खर्च, पूँजिको साथै व्यवसायबाट हुन सक्ने फाइदा/वेफाइदा आदि सम्बन्धी सम्पूर्ण पक्षहरुबारे गरिने योजनालाई नै व्यवसायिक योजना भनिन्छ । व्यवसायिक योजनालाई व्यवसायको ऐना पनि भनिन्छ, किनकी व्यवसायिक योजना हेर्ने वित्तिकै त्यस व्यवसाय सम्बन्धि सम्पूर्ण पक्षहरु छर्लङ्ग हुन्छन् ।

व्यवसायिक योजनाले के वस्तु/सेवा उत्पादन गर्ने, कस्तो गुणस्तरको गर्ने, यसको मुल्य कति पर्दछ, बजार क्षेत्र कुन हो, वस्तुको वजारमा माग कस्तो छ, कति परिमाणमा उत्पदन गर्ने, मेशिन औजार के कस्ता चाहिन्छ, मेशिन औजारको बजारमा उपलव्धता के छ, के कस्ता कच्चा पदार्थ आवश्यक पर्दछ, कच्चा पदार्थ सजिलै पाईन्छ कि पाईदैन, कस्ता कामदारहरुको आवश्यकता पर्दछ, कामदारहरु पनि कस्तो दक्षता भएका चाहिन्छ, अन्य खर्चहरु के कति लाग्दछ, कति पूंजी आवश्यक पर्छ र पूंजीको स्रोत के हो, व्यवसायवाट के कति मुनाफा आउछ, कति उत्पादन बिक्रि गर्दा पार विन्दुमा पुगिन्छ र लागानीको प्रतिफल कति आउछ आदि कुराहरु स्पष्ट पार्दछ ।

**व्यवसायिक योजना कसका लागि आवश्यक पर्छ ?**

- उद्यमी आफ्नै लागि यो हेरेर व्यवसाय कसरी गर्ने र कसरी भै रहेको छ हेर्न मूल्याङ्कन गर्न मिल्दछ ।
- सम्बन्धित कार्यालयका लागि (दर्ता गर्नु परेमा)
- बैंकको लागि (ऋण लिएको भए)
- साझेदारी व्यवसाय भएमा साझेदारका लागि
- परिवारका अन्य सदस्यहरु (यदि व्यवासयमा संलग्न छन् भने) का लागि व्यवसायिक योजन कसरी तयार गरिन्छ ।

**व्यवसायिक योजना तयार पार्दा आवश्यक पक्षहरुको विस्तृत बर्णन तल गरिन्छ ।**

परिचयः उद्यमीको नाम, ठेगाना, शिक्षा, तालिम र अनुभवका साथै आफुले के व्यवसाय गर्न लागेको हो ? र उक्त व्यवसाय किन रोजिएको हो ? भन्ने समेत खुलाई व्यवसायको परिचय लेखिन्छ ।

## बजार योजना

### १. बस्तु वा सेवाको विवरणः

आफुले उत्पादन गर्ने बस्तु सेवाको विस्तृत विवरण खुलाउने जसले गर्दा आफ्नो उक्त बस्तु खरिद गर्ने ग्रहकले चिन्न सकोस् र उही नै बस्तु सहज रुपमा खरिद गरोस् । जस्तै बस्तु भए त्यसको आकार, प्रकार, रंग, तौल, स्वाद, उपयोगिता र सेवा भए त्यसको किसिम, विशेषता र उपयोगिताको बारेमा बर्णन गर्नुहोस् । हाल वजारमा उपलब्ध त्यही किसिमका बस्तु भन्दा आफ्नो उत्पादनमा खास भिन्नता के के छन् उल्लेख गर्ने । नाम संकेत, चित्र, ट्रेडमार्क र अन्य विशेषता ले चिनाउनु राम्रो हुन्छ ।

### २. व्यवसाय स्थापना हुने ठँउ :

व्यवसाय स्थापन कहाँ गर्ने हो ? किन त्यहाँ गर्न लागिएको हो ?

व्यवसाय स्थापना गर्ने ठाँउ रोज्दा बजार नजिक कामदार पाईने, यातायात, विद्युत, पानी जस्ता भौतिक पूर्वाधार उपलब्ध भएको हुनु पर्दछ । कच्चा पदार्थ सहज उपलब्ध हुने र श्रोतको नजिक भएको ठाँउ उपयुक्त हुन्छ । उद्यमी व्यवसायिले रेखदेख पुचाउन सक्ने भएमा राम्रो र व्यवस्थापन गर्न सजिलो हुन्छ । व्यवसाय स्थापन गर्ने ठाँउ निर्धारण गरी छनौट गर्दा देहायका कुराहरुमा ध्यान राख्नु पर्दछ ।

- आवश्यक कच्चा पदार्थ नजिक पाइने
- बजार र वितरणको माध्यम प्रभावकारी वा सहज हुने
- यातायातको सुविधा
- आवश्यक कामदारको उपलब्धता
- सञ्चार तथा अन्य आवश्यक सुविधाको उपलब्धता
- उद्यमी व्यवसायी आफुले रेखदेख र नियन्त्रण गर्न सजिलो हुने ।
- विद्युत तथा अन्य भौतिक पूर्वाधार र स्कुल अस्पताल आदि नजिक भएको ।

### ३. लक्षित बजार क्षेत्रः

आफ्नो कारखानाले उत्पादन गर्ने बस्तु सेवाको प्रकृति हेरेर उक्त सामान वा वस्तु/सेवा विक्री गर्ने क्षेत्र निर्धारण गर्ने कुरा यसमा पर्दछ । यसो गर्दा यतायता तथा वितरणको सुविधा, प्रतिष्पर्धा आदि कुराहरुलाई बिचार गरेर कुन कुन वजार क्षेत्रमा विक्री वितरण गर्ने हो सो को योजना बनाउनु बुद्धिमानी हुन्छ । लघु तथा साना व्यवसायीले थोरै मात्रामा यस्ता बस्तु वा सेवा उत्पादन गरी चाडो बजारमा लगेर विक्री गरेर नगद संकलन गर्नु पर्ने भएकोले साधारण तया भ्रमण समय र वितरण लागत कम गर्न सिमित वा कम बजार क्षेत्रमा कारोवार गर्दा सजिलो हुन्छ ।

### ४.मुख्य ग्राहक र उत्पादन विक्री लक्ष्यः

बजार अध्ययन गरी व्यवसायीले आफुले उत्पादन गरेको बस्तु खास खरिद गर्ने क-कसले हो तीनीहरु को आवश्यकता र रुची के के छन् ? विचार गरी मूख्य ग्राहक पहिचान गरी उनिहरुलाई नै लक्षित गरी वस्तु/सेवा उत्पादन गर्नु पर्दछ । त्यसैले योजना वनाउदा मूख्य ग्राहक निर्धारण गर्नु पर्दछ । ती ग्राहक भएको क्षेत्रमा त्यस्तै

बस्तु/सेवाका विक्री वितरण कति छ ? माग कति छ ? आदि कुराहरु पत्ता लागाई आफ्नो माग पुर्वानुमान गर्नु पर्दछ । उत्पादन कति गर्ने र कति विक्री गर्ने भन्ने कुराको निर्धारण गर्न त्यस वस्तु/ सेवाको मागको साथै प्रतिष्पर्धा कति छन् ? कत्रा वा ठुला साना के छन् ? उनीहरुको सामान र उद्यमीको बस्तुमा के एक रुपता र के भिन्नता छ ? आदि कुराहरुलाई समेत विचार गरी अध्ययन गरी विक्री लक्ष्य राख्नु उचित हुन्छ ।

**उत्पादन योजना**

## ५. उत्पादन प्रविधि तरिका

उद्यमीले व्यवसायको लागि आवश्यक स्थिर सम्पत्ति के के हुन् ? कच्चामालमा खर्च के कति लाग्छ ? आदिको निर्णय लिन र थाहा पाउन समेत आफ्नो वस्तु तथा सेवा उत्पादन गर्ने तरिका वा उत्पादन प्रविधि जान्न उपयुक्त हुने मात्र होइन अत्यावश्यक नै हुन्छ । उत्पादन प्रकृया थाहा भए पछि मात्र के कस्ता सामाग्री जुटाउने भन्ने निर्णय हुन्छ योजना अध्ययन गर्ने व्यक्तिहरुलाई पनि यस योजनामा के कस्ता सम्पत्ति स्थिर सम्पत्तिका लागि र के कस्ता चल सम्पत्तिमा खर्च हुन्छ भन्ने कुरा जानकारी हुन्छ उत्पादन प्रकृया अध्ययनबाट उदाहरणको लागि मैन बत्तिको उत्पादन प्रकृया वा उत्पादन प्रबिधि देहाय बमोजिम हुन्छ ।

क. प्याराफिन मैन र स्टेरिक एसिड (मैनको ३ प्रतिशत) लाई कराहीमा राखेर ताप दिएर पगालिन्छ ।

ख. धागोलाई मैनबत्ती बनाउने साचोमा (मोल्ड) भित्र मिलाएर राखिन्छ ।

ग. पग्लिएको तरल मैनलाई साँचो भित्र खन्याइन्छ ।

घ. चिसो पानी राखेको बाटामा राखेर साँचोलाई केहि बेर चिस्याईन्छ ।

ङ. मैन सेट भै सकेपछि साँचोमा नै जडान भएको हैण्डलको सहायताले साँचोबाट बाहिर निकालिन्छ ।

च. आवश्यकता अनुसार धागोलाई काटिन्छ ।

छ. १२।१२ वटा मैनबत्तिहरु प्लाष्टिकमा लेबल सहित प्याक गरिन्छ ।

## ६. आबश्यक स्थिर सम्पत्ति र त्यसको मोलः

एक पटक व्यवसाय सञ्चालनकालगि खरिद गरे पछि केही बर्ष सम्म फेरी खरिद गर्नु नपर्ने खालक सम्पत्तिहरुलाई स्थिर सम्पत्ति भनिन्छ । व्यवसाय स्थापना तथा सञ्चालन गर्नका लागि के कति जग्गा कस्ता घर, मेशिन, औजार, फर्निचर र सवारी साधन आदि आवश्यक हुन्छन् राम्ररी अध्ययन गरी योजनामा पार्नु पर्दछ । धेरै वा वढी स्थिर सम्पत्तिमा लगानी गरेमा पनि राम्रो हुदैन भने कम भए पनि सामान उत्पादन गर्न सकिदैन । आवश्यकता भन्दा धेरै वा वढी यस्ता सम्पत्ति खरिद गर्दा :

- अनावश्यक तवरले बढी पूँजी लगानी हुन्छ ।
- यदि ऋण लिने भए वा लिइएको भए व्याज बढी लाग्छ । बढी व्याज तथा ह्रसको कारणले गर्दा बस्तु सेवाको लागत बढ्न जान्छ ।
- चाहिने भन्दा बढी उत्पादन हुने मौज्दात बढ्दै जान्छ जस्को परिणाम लागत बढ्छ ।

सम्भव भएसम्म कम मेशिन साना टहराबाट व्यवसाय शुरु गरेर वा घर जग्गा भाडाामा लिएर पनि उद्योग सञ्चालन गर्न सकिन्छ । मेशीन, औंजार खरिद गर्दा आफ्नो आवश्यकतालाई ध्यान दिनु पर्छ न की अरुको भनाई वा आपूर्ति कर्ताको वहकाउ वा भनाई । हिसाव निकालेर देहायको तालिका अनुसार राखि योजना वनाउनु पर्दछ र खरिद गर्नु पर्दछ ।

| क्र.स. | स्थिर सम्पत्तिको विवरण | इकाई | परिमाण | दर | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जग्गा | | | | | |
| २ | घर/टहरो | | | | | |
| ३ | मेशिन, औजार | | | | | |
| ४ | फर्निचर | | | | | |
| ५ | सवारी साधन | | | | | |
| जम्मा | | | | | | |

**७. स्थिर सम्पत्तिमा ह्रासकट्टीः**

जग्गा बाहेक अन्य स्थिर सम्पत्ति प्रयोग गर्दै जादा खिईने, घिस्रिने, पुरानो हुने आदि कारणले केही समय पछि प्रयोग गर्न नसकिने अवस्थामा पुग्दछ। त्यसको सट्टा अर्को ल्याउनु पर्ने वा बनाउनु पर्ने हुन्छ। यसकालागि व्यवसायले बर्षेनी केही रकम छुट्याएर राख्न पाउने सुविधा सरकारले प्रदान गरेको छ। यसैलाई स्थिर सम्पत्तिको ह्रासकट्टी भनिन्छ। व्यवसायीहरुले यसरी रकम छुट्याउदा आफ्नो स्थिर सम्पत्तिका आयु वा खप्ने समयको आधारमा कर कार्यालयले तोकेको दर अनुसार ह्रासकट्टी गर्न सकिन्छ। आयुको आधारमा ह्रासकट्टी निकाल्दा सम्बन्धित सम्पत्तिको मोललाई त्यो सम्पत्तिको खप्ने समयले भाग गरेर निकाल्न सकिन्छ। यसो गर्दा कवाडी मोल आउछ भने त्यसलाई भाग गर्नु पहिले मोलबाट कवाडी मुल्यलाई घटाएर बाँकीलाई भाग गरी ह्रासकट्टी रकम निकाल्नु पर्दछ।

| क्र.स. | स्थिर सम्पत्तिको विवरण | इकाई | परिमाण | दर | जम्मा रु. | ह्रासकट्टी |
|---|---|---|---|---|---|---|
| १ | जग्गा | | | | | वस्तुको आयुले जम्मा मूल्यलाई भाग गर्ने |
| २ | घर/टहरो | | | | | |
| ३ | मेशिन, औजार | | | | | |
| ४ | फर्निचर | | | | | |
| ५ | सवारीसाधन | | | | | |
| जम्मा | | | | | | |

**खर्च योजना :**

**८. कच्चा पदार्थ आवश्यकता र त्यस्को लागतः**

स्थिर पूँजी जोड्नु भनेको घरमा खाना बनाउन पकाउने भाडा, चुल्हो र खाने भाडा आदि खरिद गरी जमा गर्नु वा जोड्नु भने जस्तै हो। साँझ विहान दैनिक खाना बनाउन चामल, दाल र तरकारी र मसला आदि जुटाउनु आवश्यक भए झै कारखानामा पनि दैनिक आफुले ग्राहकलाई उपलब्ध गराउने बस्तु/सेवा उत्पादन गर्न आवश्यक कच्चा सामान खरिद गर्नु पर्ने हुन्छ। यसका लागि उद्यमीले व्यवसाय योजना बनाउदा के के सामान, दैनिक कति, कस्तो गुणस्तरको कहाँबाट प्रति इकाई कति दरमा लिने हो ? यसको आपूर्तिकर्ता कति छन् कसले नियमित रुपमा उपलब्ध गराउदछ आदि बुझेर स्पष्ट लेख्नु पर्दछ। मुख्य कच्चा पदार्थ र सहायककच्चा पदार्थ समेत पहिचान गर्नका लागि नं ५ को उत्पादन प्रविधि तरिकामा स्पष्ट पारिने भएकोले यसका लागि आधार नै त्यही हुन्छ।

**दैनिक/मासिक/बार्षिक कच्चा पदार्थ लागत**

| क्र.सं. | कच्चा पदार्थको नाम | एकाई | आवश्यक मासिक परिमाण | दर रु | रकम रु |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| जम्मा | | | | | |

कच्चा पदार्थको लागत हिसाव गर्नुका साथै यसको श्रोतको बारेमा देहायका कुरालाई मध्य नजर गरी त्यस श्रोतबाट खरिद गर्नु पर्दछ ।

क. कच्चा पदार्थको मूल्य भरसक कम हुनु पर्दछ ।

ख. यातायात तथा ढुवानी खर्च कम गर्न उत्पादन गर्ने स्थानको नजिकै पाईने खालको हुनु प्रभावकारी हुन्छ ।

ग. आपूर्तिको श्रोत भरपर्दो वा सधै पाइने खालको रोज्नु पर्दछ ।

### ९. आवश्यक कामदार र त्यसको लागतः

कच्चा पदार्थ र मेशिन खरिद गर्ने निर्णय संगै उक्त मेशिन चलाउने र कच्चा पदार्थ मिसाउने र उत्पादन प्रक्रिया बमोजिम उत्पादन गर्नका लागि आफ्नो व्यवसायका लागि के कस्ता शीप, दक्षता भएका कति जना कामदारहरु आवश्यक पर्दछ ? तिनीहरु कहा पाईन्छन् ? कति तलव वा ज्याला र अन्य के के सुविधा दिनु पर्दछ ? आदि बारेको निर्णय गरी हिसाव गर्नु पर्दछ ।

कामदार साधारण तया दुई किसिमका आवश्यक हुन्छन् एउटा व्यवसायका लागि ति हुनः प्रत्यक्ष र अप्रत्यक्ष । उत्पादन कार्य संग सोझै सम्बन्धित कामदारलाई प्रत्यक्ष कामदार भनिन्छ । जस्तै मैन वत्ती बनाउने मैन पगाल्ने, मिसाउने, आदि काम गर्ने मिश्त्री र सहायक कामदार । अप्रत्यक्ष कामदार वा कर्मचारी भन्नाले त्यस्ता कर्मचारी बुझिन्छ जो प्रत्यक्ष रुपमा उत्पादन कार्यमा सम्लग्न हुदैनन् तर व्यवसाय सञ्चालन र व्यवस्थापन सम्बन्धि कार्यमा लागेका हुन्छन् । जस्तै व्यवस्थापक, लेखापाल विक्रेता, पाले आदि । अझ भनौ भने प्रत्यक्ष कामदारलाई पनि उसको दक्षता र सीपकोस्तर हेरी दक्ष अर्धदक्ष, अदक्ष गरी ३ वर्गमा बाडिएको पाइन्छ । आफुलाई कुन किसिमका कामदार कति जना आवश्यक पर्छ सो को संख्यालाई उनिहरुलाई दिनु पर्ने ज्यालाले वा तलवले गुण गरेर कामदार निकालिन्छ ।

### १०. अन्य शीर्षभार खर्चहरुः

व्यवसायलाई सुव्यवस्थितरुपले सुचारु राख्न कच्चा पदार्थ र कामदार जस्तै अरु विविध खर्चहरु गर्नु पर्ने हुन्छ । उदाहरणको लागि भाडामा लिने भए घर जग्गाको भाडा, मर्मत, संभार, मसलन्द, ढुवानी, यातायात, चिया खाजा, बिजुली, पानी महशुल, टेलिफोन, औषधि उपचार तथा कार्यालयका लागि हुने मसलन्द आदि

खर्चलाई अन्य खर्च वा शिर्षभार खर्च भनिन्छ। यस्त खर्च सकेसम्म कम गरेमा बस्तुको उत्पादन लागत कम भै सस्तोमा वा प्रतिष्पर्धि मूल्यमा विक्री गर्न पाईन्छ।

## ११. प्रति इकाई लागतः

एउटा ईकाई वस्तु उत्पादन गर्न लाग्ने खर्च वा लागतलाई नै प्रति इकाई लागत भनिन्छ। कच्चा पदार्थ, कामदार र अन्य खर्चको हिसावलाई जोडेर उत्पादन संख्याले भाग गरी प्रति इकाई लागत निकालिन्छ। यसरी प्रति एकाई लागत निकाल्दा मासिक रुपमा खर्चको हिसाव गरिएको भए मासिक उत्पादन संख्या (परिमाण) ले बार्षिक खर्च हिसाव निकालिएको भए बार्षिक उत्पादन परिमाणले कुनै चक्रको खर्च हिसाव गरिएको छ। भने उक्त चक्रको उत्पादन खर्चलाई चक्रको उत्पादन परिमाणले भाग गरेर निकालनु पर्दछ।

लागत निकाल्नका लागि देहायको सूत्र प्रयोग गर्न सकिन्छ।

प्रति इकाई लागत - <u>एक अवधिको उत्पादन लागत (कच्चा पदार्थ खर्च कामदार खर्च अन्य खर्च)</u>
अवधिको उत्पादन परिमाण

यसरी लागत हिसाव गर्दा ह्रासकट्टी र व्याजलाई जोडिएको छैन। हालसम्म कति ऋण चाहिन्छ हिसाव भै नसकेको व्याजको अनुमान गर्न गाह्रे पर्ने तथा व्यवहारिक हुदैन। ह्रासकट्टी नगद खर्च नभएकोले पनि यहाँ हिसाव गरिदिन।

## वित्तिय योजना :

यस अघि उल्लेख गरिएका कार्यहरुको योजना जति नै महत्वपूर्ण योजना हो व्यवसायिक योजनाको चौथो भाग वा वित्तिय योजना पनि त्यतिनै महत्वपूर्ण योजना हो। यस योजनाले दोश्रो भागमा परेको स्थिर सम्पत्तिहरु जस्तै जग्गा घर, मेशिन, औजार तथा उपकरण, फर्निचर र सवारी साधनहरुका साथै खर्च योजनामा हिसाब गरिएका कच्चामाल, कामदार र अन्य खर्च गर्नका लागि कति पैसा वा रकम आवश्यक हुन्छ र त्यो कम खर्चमा कसरी प्रभावकारी रुपमा जुटाउने भन्ने हिसाव गर्दछ। साथै यसमा लगानी गरेर नाफा नोक्सान के हुन्छ भन्ने समेत हिसाव गरिने हुँदा यो झन महत्वपूर्ण योजना हो। व्यवसाय सुचारु रुपले सञ्चालन गर्न पुँजीको अभाव पनि नहोस् र अनावश्यक अनुत्पादक क्षेत्रमा पैसा वा लागनी पनि नफसोस् भन्ने विचार गरेर वित्तिय योजना वनाएर मात्र कार्य शुरु गर्नु राम्रो हुन्छ।

## १२. आवश्यक कूल पूँजीः

व्यवसायम लागनी गर्ने रकमलाई पूँजी भनिन्छ। यो व्यवसायमा तीन किसीमले रहने हुनाले पूँजीलाई ३ वर्गमा विभाजन गरिन्छ : स्थिर पूँजी, चालुपूँजी र सञ्चालन पूर्वको खर्च।

**कूलपूँजीको हिसावको सुत्रः**
कूल पूँजी = स्थिर पूँजी + चालु पूँजी+ संञ्चालन पूर्वको खर्च

क.स्थिर पूँजीः जग्गा, घर, मेशिन, औजार, फर्निचर र सवारी साधान र अन्य उपकरण जस्ता स्थिर सम्पत्ति खरिदका लागि प्रयोग हुने रकम वा लगानी गरिने पूँजीलाई नै स्थिरपूँजी भनिन्छ ।

ख.चालुपूँजीः कुनै पनि व्यवसाय दैनिक रुपमा सुचारुरुपमा सञ्चालन गर्न सधै भरी आवश्यक पर्ने नगद र अन्य बस्तुगत सामान वा त्यसमा लागेको लगानीलाई नै चालूपूँजी भनेर भनिन्छ । यसमा नगद का साथै व्यवसायमा दैनिक रुपमा नगद अल्झिने कच्चामाल, अर्धतयारी माल र तयारी मालको मौज्दात पर्दछ। यसका अतिरिक्त ग्राहकलाई उधारोमा विक्री गरिन्छ भने त्यो रकम समेत चालु पूँजीमा पर्दछ  यसरी चालुपूँजी भन्नाले त्यस्तो रकम वा लगानी व्यवस्था हो जुन नगद र वस्तुगत सामान तथा आसामी रुपमा व्यवसायमा रहने हुन्छ र व्यवसाय सञ्चालनका काममा नगदमा परिणत भै पुनः सामान खरिद र अन्य खर्च र कामदार को तलव ज्याला आदिमा खर्च हुन्छ । कुनै पनि व्यवसायलाई कति चालु पूँजी चाहिन्छ भन्ने कुरा व्यवसायको प्रकृति, उत्पादन नीति, उधारो सम्बन्धि नीति, बजार अवस्था, आपूर्तिको स्थिति आदि यस्तै कुराहरुमा भर पर्दछ । त्यसैले आफ्नो व्यवसाय योजना हेरी चालुपूँजीको योजना बनाउनु पर्दछ ।
धेरैजसो व्यवसायहरु यस भाग वा पक्षलाई ध्यान नदिदा असफल भएका हुन्छन्

**ग. सञ्चालन पूर्वको खर्चः** व्यवसाय भनेको योजना वनाउना साथ शुरु गर्ने वा सोच्ना साथ गरी हाल्ने कार्य होइन । व्यवसाय सञ्चालन गर्नु पहिले पनि व्यवसायीले विभिन्न तयारी गरेर मात्र माथि भनिएका स्थिर पूँजी र चालु पूँजीमा लगानी गर्ने सामान उत्पादन गरी बिक्री वितरणका लागि बजार लैजाने हुन्छ । यसरी बास्तविक रुपमा व्यवासाय शुरुहुनु अघि लाग्ने खर्चहरु जस्तै तालिम खर्च, बजार सर्भेक्षण खर्च, दर्ता खर्च, नमुना उत्पादन गर्न लाग्ने खर्च आदिलाई उत्पादन अघिको खर्च भनिन्छ ।

**चालु पूँजी निर्धारण गर्ने तरिकाः**

**क.कच्चामालः**

उद्योगलाई बस्तु सेवा उत्पादनका लागि दैनिक रुपमा आवश्यक पर्ने सामग्रीहरु प्रत्यक्ष तथा अप्रत्यक्ष वा सहायक मालसामान पार्ट पूर्जाहरुको मौज्दात कति राख्ने भन्ने हिसाव यस चरणमा गरिन्छ । सधै सहज रुपमा पाइनेछ र ढुवानी खर्च धेरै लाग्दैन भने थोरै थोरै मात्रामा किनेर पुन काम चल्ने हुँदा चालु पूँजी कम लाग्छ । यसको विपरित सिजनमा मात्र पाइने वा टाढाबाट एकैचोटि ढकवा कन्टेनरमा मात्र खरिद गर्नु पर्ने भएमा कच्चामाल मौज्दातमा धेरै रकम छुट्ट्याउन पर्ने हुन्छ । धेरै राख्दा खर्च धरै लाग्ने भएकोले यसमा समेत ध्यान जानु पर्दछ । १५ दिन या १ महिनाको कच्चामालको मौज्दात राखि व्यवस्था गर्दा व्यवसाय सञ्चालनमा सहजता आउछ ।

कच्चापदार्थ मौज्दातको अनुमान अर्थात हिसव आवश्यकता अनुसार मासिक वा १५ दिनको कति लाग्ने हो नं. ७ को तालिका वमोजिमको जम्म रकम राख्ने ।

**ख. अर्ध तयारी बस्तुको मौज्दातः**

उत्पादन प्रक्रियामा गएको तर तयारी बस्तुमा परिणत भै नसकेको वस्तुमा लाग्ने लागतलाई अर्धतयारी वस्तुको मौज्दात भनिन्छ। यसको हिसाव नगर्दा चालुपूँजी को योजना अधुरो रहन्छ। किनकी केही रकम त यस चरणमा समेत अड्किन्छ।

अर्धतयारी वस्तुको मौज्दातको हिसावः $\frac{\text{उत्पादन गर्न लाग्ने दिन X दैनिक उत्पादन X प्रति एकाई लागत}}{२}$

**ग. तयारी बस्तुको मौज्दातः**

तयारी भै सकेको तर विक्रीका लागि नपठाईएका बस्तुको लागत यसमा पर्दछ।

तयारी बस्तुको मौज्दातको हिसाव : मौज्दात रहने दिन X दैनिक उत्पादन X प्रति इकाई उत्पादन लागत

**घ. उधारो विक्रीः**

ग्राहकलाई सामान विक्री गरिसकिएको तर भुक्तानी प्राप्त नभएको सामानको लागत यसमा पर्दछ।

उधारो विक्री हिसाव : उधारोमा रहने दिन X दैनिक उत्पादन X प्रति इकाई उत्पादन लागत

**ङ. नगद :**

सामान विक्रीबाट आम्दानी भएसम्मको आवधिको लागि कामदारहरुलाई ज्याला, तलव दिन र अन्य शिर्षभार खर्चको लागि छेट्याईने रकम निम्न अनुसारको सुत्र प्रयोग गरी चालुपूँजी निर्धारण गरिन्छ।

नगद मौज्दातको हिसावः आवश्यकता अनुसार

**१३. पूँजीको श्रोतः**

यसरी कुल आवश्यकता पूँजी हिसाव गरिसकेपछि उक्त पूँजी कसरी र कुन श्रोतबाट जुटाउने भन्ने निर्णयमा पुगिन्छ। पुरै रकम वा लगानी गर्ने क्षमता आफु संगै छ की बाहिरी संस्था वा व्यक्तिबाट ऋण लिएर काम गर्ने हो ? कति लिने हो ? बैंकबाट भए सबै पाईदैन केही प्रतिशत आफुले लगानी गर्नु पर्दछ। यसरी लगानी गर्दा बैंकलाई जमानी वा धितो सुरक्षणका लागि दिनु पर्छ। त्यो आफु संग छ छैन आदि समेत विचार गरी तयारी आवस्थामा बस्नु पर्दछ। सबै पूँजी ऋणमा आधारित भयो भने व्यवसाय फस्टाउन सक्दैन।

**१४. विक्री मूल्य निर्धारणः**

व्यवसायको आम्दानीको वा नाफाको श्रोत भनेकै विक्री हो। विक्रीबाट आम्दानी कति वढि वा घटी भन्ने कुरा बस्तुको विक्री मूल्यमा भर पर्दछ। विक्री मूल्य धेरै राख्दा विक्री नहुने डर हुन्छ। भने मूल्य कम हुँदा नाफा कमहुने वा नोक्सान पर्ने पनि हुन सक्छ। त्यसैले विक्री मूल्य निर्धारण गर्नु अघि बस्तु वा सेवाको

आन्तिम लागत नकाल्नु पर्दछ। प्रति इकाई उत्पादन लागतमा प्रति इकाई व्याज ह्रसकट्टी जोडेर प्रति एकाई आन्तिम लागत निकालिन्छ।

**अर्थातः**

प्रति इकाई अन्तिम लागत = प्रति एकाई उत्पादन लागत + प्रति एकाई व्याज + ह्रास

प्रति इकाई अन्तिम लागत = $\frac{\text{बार्षिक ब्याज + ह्रासकट्टी}}{\text{बार्षिक उत्पादन परिमाण}}$

हामीले विक्रीमूल्य निर्धारण गर्न आवश्यक बस्तुको प्रति एकाई अन्तिम लागत निस्के पछि अव देहायका तरिकाहरु मध्ये कुनै एक तरिका अपनाई विक्री मूल्य निर्धारण गर्नु उपयुक्त हुन्छ।

क. लागतमा थप तरिका : यस तरिका अन्तर्गत विक्री मूल्य निर्धारण गर्न वस्तु वा सेवाको अन्तिम लागतमा केहि प्रतिशत नाफा जोडेर हिसाव गरिन्छ।

प्रति इकाई विक्री मूल्य = प्रति एकाई अन्तिम लागत + मुनाफा प्रतिशत

ख. तुलनात्मक तरिकाः वजारमा उद्यमीको आफ्नो उत्पादन जस्तै बस्तु/सेवाको गुणस्तर र प्रचलित मूल्यसंग आफ्नै बस्तुको तुलना गरी मूल्य निर्धारण गरिन्छ।

ग. वजार वा ग्राहको क्षमता अनुसारः यो तरिका आफ्नो बस्तु सेवाको माग र आपूर्तिमा आधारित हुन्छ। बजारको माग अनुसार ग्राहकले उक्त बस्तु वा सेवामा कति तिर्न सक्छ सोहि आधारमा मूल्य निर्धारण हुन्छ।

## १५. पहिलो बर्षको नाफा नोक्सान हिसावः

सवै व्यवसायको उद्देश्य नाफा कमाउनु भएकोले व्यवसायिक योजनामा प्रस्तुत व्यवसायले बर्ष भरी कारोबार गरेर कति नाफा कमाउछ हिसाव गर्नु पर्दछ। एउटा निश्चित अवधिको कारोवारबाट के कति खुद नाफा वा नोक्सान भयो ? हेर्न तयार गरिने विवरणलाई नाफा नोक्सान हिसाव विवरण भनिन्छ।

यस विवरणमा शुरुमा वा सवैभन्दा पहिले बस्तु सेवाको विक्रीबाट हुने वार्षिक आम्दानी निकाल्नु पर्दछ। आफ्नो योजनामा बजार खण्डमा देखाइएका बार्षिक विक्री लक्ष्यलाई नं. १४ को प्रति इकाई विक्री मूल्यको गुण गरी विक्रीबाट हुने आम्दानी हिसाव गर्न सकिन्छ। यसरी आएको आम्दानीमा अन्य थप विक्री भए त्यसलाई पनि आम्दानीको रुपमा जोड्नु पर्दछ र कूल अम्दानी निकालिन्छ।

त्यस पछि बार्षिक जम्मा आम्दानीबाट बार्षिक कच्चा पदार्थ, श्रम, अन्य खर्च, व्याज, खर्च तथा ह्रासकट्टीको रकम जम्मा गरी कूल बार्षिक खर्च घटाएर पछि खुद नाफा वा नोक्सान निस्कन्छ।

**नाफा नोक्सान हिसाव (वार्षिक)**

| | |
|---|---|
| विक्रिवाट आम्दानी | रकम रु. ...................... |
| घटाउने ( ) | ....................... |
| कच्चा पदार्थ खर्च (मासिक खर्च रु १२) | ....................... |
| कामदार खर्च (मासिक खर्च रु. १२) | ....................... |
| अन्य खर्च (मासिक खर्च रु. १२) | ....................... |
| व्याज खर्च | ....................... |
| ह्रासकट्टी | ....................... |
| कर तिर्नु अगाडी खुद नाफा | ....................... |

**१६. लगानीमा प्रतिफल**

यसरी नाफा नोक्सा हिसाव गरे पछि नाफा देखिए व्यवसाय राम्रो हुने भयो भन्न सकिन्छ। तर त्यति मात्रले व्यवसायम गरेको लागनीले ठिक नाफा दियो दिएन भनेर समेत हेर्नु उपयुक्त हुन्छ। अर्थात लगानी र नाफाको अनुपात कस्तो छ भनेर हेरी विश्लेषण गरेर व्यवसायलाई अगाडी बढाउदा राम्रो हुन्छ। यदि अनुपात कम आएमा लगानी गर्न उपयुक्त हुदैन भने धेरै आएमा राम्रो हुने हुन्छ। यसलाई बैंकमा राख्दा पाइने ब्याज संग तुलना गरी हेर्दा निर्णयमा पुग्न सघाउ पुग्छ। बैंकको मुद्दती खातामा राखेर पाईने ब्याजदर भन्दा वढी आएमा लागानी गर्ने तर यो ब्याज भन्दा कम लागनीको प्रतिफल देखिएमा बैंकमा राखेर केही नगरी कुनै झन्झट नबेहोरी जोखिम नलिइकनै खान पाइने भएकोले लागनी गर्न मानिसहरु हिचकिचाउने हुन्छन्। त्यो ठिक निर्णय पनि हो भन्न सकिन्छ।

लगानीमा प्रतिफलको हिसाव गर्ने तरिका:

लगानीमा प्रतिफल $\frac{\text{बार्षिक नाफा X १००}}{\text{कुल पूँजी}}$

**१७. निस्कर्ष :**

व्यवासायिक योजना एक समग्र योजनाको ऐना भएकाले सफल रुपमा व्यवसाय संचालन गर्नको लागी यसले पथ प्रर्दशकको रुपमा व्यवसायिहरुलाई सहयोग पुराएको हुन्छ। यहाँहरु पनि कुनै व्यवसाय संचालन गर्दै हुनुहुन्छ भने माथी उललेखित विभिन्न कुराहरुलाई ध्यानमा राखेर व्यवसाय संचालन गर्नु हुन सिफारिस गरिन्छ। धन्यबाद ।

*लेखक: कृपाराम थापा,*

*ठाटीकाँध गाउँपालिकाको कार्यक्रम संयोजक पदमा कार्यरत हुनुहुन्छ।*

# शिक्षा र उद्यमशिलता



नेत्र बहादुर थापा

**पृष्ठभूमी :**

शिक्षा विकासको आधार र पूर्वाधारको पूर्वाधार हो । यसलाई परिस्कृत एव्म मर्यादित जिवन र सम्मानित रोजगारी तथा उद्यम विकासको जग मान्ने गरिन्छ । भनिन्छ : "शिक्षामा लगानी गर्नु सवै क्षेत्रमा लगानी गर्नु हो" तर व्यवहारमा यसो हुन सकेको छैन । विकास क्रमको नेपाली मोडेलमा देखिएको तितो सत्य र विडम्वना यहि हो । शिक्षा लाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमुलक र उद्यमशिल वनाउदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानी लाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति नेपालको संविधानले अवलम्वन गरेको छ तर कार्यान्वयनको क्षेत्रमा कमजोर देखिएको छ ।

उद्यमशिलता व्यक्तिलाई स्वावलम्वी र आत्मनिर्भर वनाउने वाटो हो । व्यक्तिलाई उद्यमी वनाई आयआर्जनका गतिविधिमा सहभागि गराई सिर्जनशिल सीप विकासमा सहयोग पुऱ्याउने काम समेत उद्यमशिलतामा भर पर्दछ। यी सम्पूर्ण कुराको आधारभूमी तयार पार्ने कार्य शिक्षाले गर्दछ। अशिक्षित व्यक्तिको तुलनामा शिक्षित व्यक्तिले अझ आफुलाई उद्यमी सिर्जनशिल, लगनशिल, रोजगार र आर्थिक गतिविधिमा सक्रियतापूर्वक सहभागि गराउँछ । एकातिर उद्यमशिलताले रोजगारीको क्षेत्रमा प्रवेश पाउन र टिकीरहन सहयोग पुऱ्याउँछ । समाजमा रहेको गरिवी र वेरोजगारी समस्या न्यूनिकरण गरी देशको समग्र अर्थतन्त्र वलियो वनाउन मद्दत पुराउँछ भने अर्कोतिर उद्यमशिलता आफैले आफैलाई रोजगार दिन सक्ने, आय आर्जन गर्न सिकाउने, साना ठुला व्यवसायिक सीप र उद्योगको विकास गरी आफु र अरुलाई काम दिन सक्ने, सिर्जनशिल गतिविधि पनि हो। रोजगारीको क्षेत्रमा मेरुदण्डका रुपमा रहेको व्यवहार, कुशल सीपको विकास गर्ने काम शिक्षाले गर्दछ। व्यवहार कुशल सीपले मानिसको कार्य सम्पादनमा निपुर्णता र प्रभावकारीता ल्याउने इमानदारिता, जवाफदेहिता, आदर, सत्कार जस्ता मानविय गुण तथा सीप लाई वुझाउँछ। यसको माध्यम वाट व्यक्ति लाई आफ्नो पेशा व्यवसायमा निपूर्ण वनाउँदै एक सफल उद्यमी वनाउन सघाउ पुऱ्याउँछ । त्यसैले शिक्षा र उद्यमशिलता देशको अर्थतन्त्र निमार्ण गर्ने जग हुन भन्न सकिन्छ। उद्यमशिललाई शिक्षासंग जोड्न विद्यालय र उच्च तहका पाठ्यक्रम समेत परिमार्जित गर्दै उद्यमशिलताका कार्यक्रमहरु समावेश गरिनु पर्ने देखिन्छ ।

**प्रमुख समस्याहरु :**

शिक्षा र उद्यमशिलतालाई एक अर्काको परिपूरक वनाउन नसक्नु, विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रममा उद्यमशिलता सम्वन्धि गतिविधिहरु समावेश गर्न नसक्नु, प्राविधिक तथा व्यवहार कुशल सीप सम्वन्धि तालिम प्याकेजको अभाव हुनु , विशेष तथा लक्षित समुदायका नागरिक सम्म उद्यमशिल शिक्षाको पहुँच सुनिश्चित गर्न नसक्नु, प्राविधिक शिक्षालाई शिक्षाको मूल धारको रुपमा विकास गर्न नसक्नु, प्राविधिक, उद्यमशिल, व्यवसायिक शिक्षा र सीप विकास एवं शिक्षा सम्वन्धी अधिकार कार्यान्वयन गर्नका लागि प्रयाप्त स्रोत व्यवस्थापन गर्न नसक्नु, वजारको माग र उद्यमशिल गतिविधिको लागि तालिम प्राप्त जनशक्तिको उपलब्ध

नहुनु, उत्पादित जनशक्ति पनि ब्यवसायमा दिगो रुपमा टिक्न नसक्नु, विद्यार्थिहरुमा सानै देखि ब्यवहारिक सीप विकास, सकारात्मक ब्यवहार तथा सोचको विकास नहुँनु, पारदर्शि कार्यक्रम र सुशासनको प्रत्याभुति गर्न नसम्नु, आफ्नो काममा इमान्दारिता, जवाफदेहिता, आदर, सत्कार जस्ता मानविय गुण तथा तिनिहरुको अभाव हुनु, उद्यमशिल शिक्षामा आवश्यक लगानी र प्रचार प्रसारको कमी हुनु जस्ता विषयहरु शिक्षा र उद्यमशिलताको क्षेत्रमा प्रमुख समस्याको रुपमा देखिएका छन् ।

**चुनौतीहरु :**

उद्यमशिल शैक्षिक कार्यक्रमको महत्व र आवश्यकताको प्रचार प्रसार गर्न, तालिम प्राप्त सीप युक्त जनशक्ति उत्पादनको लागि छोटा तथा लामो अवधिको तालिम प्याकेजका लागि आवश्यक वजेट ब्यवस्थापन तथा पूर्वाधारको निमार्ण गर्नु, सवै प्रकारका विद्यालययमा स्थानीय परिवेश र सीप विकासमा आधारित तालिम प्याकेज निमार्ण गरि कार्यान्वयन गर्नु, वेरोजगार युवालाई स्वदेशमै सेवा गर्ने अवसर सिर्जना गर्नु,सूचना तथा संञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु, ब्यवहारिक उद्यमशिल र उत्पादन श्रम संग जोडिएको शैक्षिक नीतिको अभाव हुनु, स्थानीय र परम्परागत उद्यम तथा ब्यवसायको संरक्षण र सम्वद्धन गर्नु, पाठ्यक्रमलाई विश्वव्यापीकरण र वजार माग अनुसार परिमार्जित गर्नु, आवश्यक स्रोत साधनको खोजि ब्यवस्थापन र परिचालन गर्नु, उद्यमशिल ब्यवसायिक सीप विकास र शैक्षिक कार्यक्रम निकार्णका लागी स्थायी संरचनाको निमार्ण गर्नु, यस क्षेत्रमा देखिएका प्रमुख चुनौतीहरु हुन् ।

**अवसर :**

उद्यमशिल शैक्षिक गतिविधि र कार्यक्रमले ब्यवसायिक सीप विकास र आय आर्जन गर्ने अवसर र्सिजना हुनु, अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवारी गराउने संवैधानिक आधार भएकाले उद्यमशिल शैक्षिक कार्यक्रममा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने वातावरण सिर्जना हुनु, आय आर्जनका गतिविधिहरुमा समावेशि सहभागिता अभिवृद्धि गराउन सक्नु, उद्यमशिल शैक्षिक कार्यक्रम र सीप विकासको लागि चेतना प्रवाह गर्ने आधारको रुपमा विद्यालय शिक्षालाई अगाडी वढाउनु, स्थानीय ब्यवसायीस सीप, प्रविधि र उद्योगको खोजि,संरक्षण,प्रर्वद्धन र विकास गर्ने अवसर प्राप्त हुनु,स्वावलम्वी र आत्मनिर्भर उद्यमी ब्यवसायिको विकास गर्ने अवसर देखापर्नु,ब्यक्ति स्वयं र समुहको सानो लगानीमा प्रतिफल प्राप्त गर्न सकिने र अरुलाई रोजगारी समेत दिन सक्ने अवसर देखा पर्नु, शिक्षा र उद्यमशिलता लाई एक अर्काको परि पुरकका रुपमा विकास गर्दै संग संगै अगाडी वढाउन सकिने आदि अवसरहरु शिक्षा र उद्यमशिलताको क्षेत्रमा देखिएका अवसरहरु हुन् ।

**निस्कर्ष :**

उद्यमशिलता प्रत्यक्ष रुपमा प्रतिफल संग जोडिएको हुन्छ । कुनै विषयवस्तु र विषयगत क्षेत्रमा ज्ञान एव्म सम्वन्धित योग्यता भएता पनि ब्यक्ति स्वयं, परिवार र समाजको जीवनशैलीमा परिर्वतन ल्याउँन विश्व ब्यवसायिकरणका कारण युवाहरु रोजगारीका लागि नेपालमा मात्र सिमित नरहने भएकाले विद्यालय तथा उच्च शिक्षा लाई समेत ब्यवहारिक र रोजगार सिर्जना गर्न सक्ने उत्पादन श्रम संग जोडिएको उद्यमशिल

नागरिक तयार गर्न राज्यका तीनवटै तहले उद्यमशिलता तर्फ भूमिका खेल्न सक्नु पर्दछ। उद्यमीमा उद्यमशिल संस्कारको विकास र सो को दिगोपनामा शिक्षाको ठुलो भूमिका रहन्छ। व्यवसायको शुरु, सुधार र विस्तारका साथै आम्दानी, खर्च र बचतमा समायोजन र सन्तुलन गर्ने कार्य पनि शिक्षाले गर्ने गर्दछ। शिक्षित व्यक्तिको व्यवसायिक कूशलताले उसको व्यवसायको दिगोपनाको लागि सहयोग गर्दछ। त्यसैले जबसम्म शिक्षा, उद्यमी, उद्यमशिलता र व्यवसाय एक अर्कामा अन्तरसम्बन्धित छन्। फरक कुरा हुन भन्ने कुरा व्यक्तिलाई अवगत हुदैन तवसम्म व्यवसायलाई विस्तार गर्न सकिदैन अतः शिक्षा र उद्यमशिलता एक अर्कामा परिपूरक छन्।

*लेखकः नेत्र बहादुर थापा*
*ठाटीकाँध गाउँपालिका लकान्द्र, दैलेखमा शिक्षा,*
*युवा तथा खेलकुद शाखामा शिक्षा अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ।*




विजया दशमी, शुभदिपावली तथा छठ पर्व २०७८ को
उपलक्ष्यमा हामी हाम्रा सम्पुर्ण ग्राहक
महानुभावहरू, पालिकाबासी आमा बुवा तथा दाजुभाईहरू,
देश विदेशमा रहेका सम्पुर्ण नेपालीहरूमा
हार्दिक शुभकामना सहित
हामी गुणस्तरिय अर्गानिक स्वादिलो खाजा, खानाको परिकारहरू
सहीत सफा र आरामदायी बासको व्यवस्था छ ।
एक पटक सेवा गर्ने मौका दिनुहोला ।

# शुन्दर होटल एण्ड रेष्टुरेन्ट

ठाटीकाँध बजार दैलेख
प्रो : लवबहादुर थापा, सम्पर्क फोन : ९७४१८४५०६५

# लघु उद्यम विकासमा स्थानीय सरकारको भूमिका



धनरुप रोकाय

स्थानीय स्तरमा रहेको स्रोत, साधन र पूजीलाई स्थानीय स्तरमा मै परिचालन र सो को व्यवस्थापन मार्फत रोजगारीका अवसर सिंर्जना गर्नु नै लघु उद्यमविकास हो। यसले गरिवीको रेखामुनी रहेको वर्ग तथा समुदायलाई स्वरोजगार वनाई गरिवीलाई न्यूनिकरण गर्न मद्दत पुराउँछ। औधोगिक व्यवसाय ऐन २०७६ अनुसार लघु उद्यमहुनलाई, घर जग्गावाहेक वढीमा २० लाख रुपैयाँ सम्म स्थिर पूँजि भएको, वार्षिक कारोवार रु. १ करोड सम्म भएको, विधुतीय उर्जा, इन्धन वा अन्य इन्जिनको क्षमता बीस किलोवाट सम्म रहेको, उद्यमी सहीत वढिमा ९ जना सम्म कामदार हुनुका साथै उद्यमी स्वयम उद्योगको संन्चालन र व्यवस्थापनमा संलग्न रहेको आदि कुरा समावेश भएको हुनु पर्दछ।

स्थानीय स्रोत साधनको परिचालन मार्फत वस्तु तथा सेवाको वजारीकरण गर्न सकेमा गरिवी निवारणमा टेवा पुग्ने देखिन्छ। लघु व्यवसाय र यसको विकास मुलुकको अर्थतन्त्रको वलियो जग हो। यसवाट साना, मझौला र ठुला उद्योग लाई पनि सहयोग पुराउनु का साथै स्थानीय स्तरमा आर्थिक कियाकलापका साथ साथै गरिवी निवारण र रोजगारीका अवसरहरु सिंर्जना हुन्छन्। लघु उद्यम विशेष गरी स्थानीय जनता संग जोडिनुका साथै प्रत्यक्ष रुपमा स्थानीय सरकार संग केन्द्रित हुन्छ। यसलाई प्रभावकारी, जनमैत्रीपूर्ण वनाउन स्थानीय सरकारले विभिन्न नीति योजना र रणनीतिहरु तर्जुमा गरी कार्यन्वयन गर्न आवश्यक देखिन्छ। लघु उद्यम विकास मार्फत उद्यमीहरु लाई सीप मुलक तालिम तथा उपयुक्त प्रविधि हस्तान्तरण र अन्यविकास संग जोडिएका कियाकलापहरु संन्चालन गर्न आवश्यक छ। यसका साथै सिर्जना भएका उद्यमीहरु लाई उनीहरुको व्यवसाय सुधार तथा विस्तार गर्न व्यवसायिक परामर्श, वस्तु तथा सेवाको वजारीकरण, अवलोकन भ्रमण, लेवलिंग, प्याकेजिङ्ग, सहयोगका साथै उनीहरुको मनोवल उत्प्रेरणालाई उजागर गर्न आवश्यक देखिन्छ। उद्यमीहरुले उत्पादन गरेको वस्तुको वजारीकरणका साथै सो को व्यवस्थापनमा समेत स्थानीय सरकारले जिम्मा लिने वातावरण मिलाउन आवश्यक छ। लघु उद्यम स्थानीय सरकार संग जोडिने भएकाले भुगोल, जनसंख्या र आर्थिक पहुँचका आधारमा सीप मुलक व्यवसायिक तालिम प्रर्दान गर्न विशेष जोड दिनु पर्दछ।

त्यसैले, लघु उद्यमविकास समग्र अर्थतन्त्रको वलियो आधार हो। यसले रोजगारीका अवसरहरु सिंर्जना गरी गरिवी न्यूनिकरण गर्न सहयोग पुराउँछ। यसलाई प्रभावकरी, व्यवसायीमुखि, पारर्दर्शि, मितवयी र जनमैत्री वनाउन सकेका यसवाट थुपै लाभलिन र सुखि नेपाली समृद्ध नेपालको आकांक्षालाई पुरा गर्न समेत मद्दत पुराउने कुरामा विश्वसत हुन सकीन्छअतःलघु उद्यम विकास कार्यक्रम संग सम्वन्धित सम्पूर्ण संघ, संस्था, सरकारी तथा गैरसरकारी निकाय, नीजि क्षेत्रले समेत यसलाई प्राथमिकता दिन सकेको खण्डमा स्थानीय स्रोत साधनको परिचालन, यसको दिगो व्यवस्थापन हुनुका साथै लक्षित वर्गको आर्थिक अवस्थामा वृद्धि र जीविकोपार्जनमा सुधार हुने कुरामा दुई मत छैन।

*लेखक : ठाटीकाँध गाउँपालिका, लकान्द्र दैलेखमा नासु, सहायक पाचौं पदमा कार्यरत हुनुहुन्छ।*

# लघु उद्यम एक परिचय



ध्रुवकुमार शाही

सामान्यतया थोरै लगानी र स्थानिय कच्चा पदार्थद्धारा सन्चालन गरिने एक सानो उद्यम व्यवसाय जसबाट आत्मनिर्भरता उत्पन्न हुन्छ, त्यस्ता उद्यमलाई लघु उद्यम भनिन्छ । स्थानिय स्तरमा उपलब्ध हुने विभिन्न किसिमका कच्चा पदार्थहरुद्धारा स्थानिय बजारमा माग भएका वस्तु तथा सेवाहरुको न्युन लगानीमा उत्पादन गरि स्थानिय बजारमा उक्त उत्पादनको पुर्ती गरि लघु उद्यमको विस्तार गर्न सकिन्छ, जसबाट स्थानिय स्तरमा भएका कच्चा पदार्थहरुको उच्चतम सदुपयोग हुन्छ र उद्यमीहरुको जिवनस्तरमा सुधार आउछ । लघु उद्यमद्धारा स्वयंम आत्मनिर्भर भई अन्यलाई पनि संलग्न गराई उनिहरु पनि आत्मनिर्भर बनाउन सकिन्छ साथै लघु उद्यम एकल तथा सामुहिक रुपमा पनि गर्न सकिन्छ ।

हाम्रो नेपाल देश जस्ता विकाशिल राष्ट्रहरुमा लघु उद्यमद्धारा जिविकोपार्जन गरि आत्मनिर्भर भई देशको आम्दानी वृद्धीमा योगदान दिन सकिन्छ जसको लागी नेपाल सरकारले लघु उद्यम दर्ता गर्दा कुनै शुल्क वा दस्तुर नलाग्ने गराएको छ साथै न्युनतम उद्यम दर्ता भएको मितिले ५ वर्ष सम्म आयकर छुट पनि गरेको छ । उद्यम नै एक मात्र आत्मनिर्भरताको मार्ग हो । उद्यम व्यवसाय गर्नका लागी धेरै समस्या तथा चुनौतीहरुको सामना गर्नु पर्दछ र एक सच्चा कर्मयोगी बनी उद्यम व्यवसायको कर्म अगाडी बढाउनु पर्दछ। लघु उद्यम को विकास र विस्तार गरि आफ्नो र आफ्नो गाउँठाउँलाई आत्मनिर्भर गराउनु पर्दछ। लघु उद्यम विस्तार गर्न सुरुवातमा ईच्छा शक्ति हुनु पर्दछ जसले उद्यम विस्तारको लागी ठुलो भुमिका खेल्द्छ, स्थानिय कच्चा पदार्थ र स्थानिय बजारको माग अपरिहार्य छ, लगानी र वचतको पनि अति ख्याल गर्नु पर्दछ र उद्यमको दैनिक लेखा जोखा चुस्त दुरुस्त राख्नु पर्दछ, यी उल्लेखीत तत्वहरुलाई एकदमै ध्यानमा दिएर उद्यम व्यवसाय सन्चालन गर्दा सफल व्यवसायी बन्न सकिन्छ ।

**नेपालमा उद्योगको वर्गीकरण :**

(क) लघु उद्यम : देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ :-

(१) घर जग्गा बाहेक बढीमा २० लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार १ करोड रुपैयाँ भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरणवा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाटवा सो भन्दा कम रहेको।

(ख) घरेलु उद्योग : देहायको अवस्थाभएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन, उपकरणवा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाट सम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र

(४) अनुसूची-२ मा उल्लेख भए बमोजिमका उद्योगहरु ।

(ग) साना उद्योग : लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग,

(घ) मझौला उद्योग : दश करोड रुपैयाँभन्दा बढी पच्चीस करोड रुपैयाँ सम्म स्थिर पूँजी भएको उद्योग,

(ङ) ठूला उद्योग : पच्चीस करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएको उद्योग ।

**उद्यमको लागीलेखाजोखाको महत्व :**

लेखाजोखा उद्यम व्यवसायको लागी एकदमै महत्वपुर्ण तत्व हो । कुनै पनि उद्यम व्यवसायको दिर्घकालिन विकास तथा विस्तारका लागी उक्त उद्यम व्यवसायको चुस्त दुरुस्त हिसाब किताब वा लेखा जोखा गर्नु पर्ने एकदमै आवश्यक हुन्छ, तसर्थ कुनै पनि उद्यम व्यवसाको सुरुवात सँगै त्यस व्यवसायको दैनिक लेखा राख्नु पर्दछ । दैनिक रुपमा लगानी र आम्दानीको लेखा राख्नु पर्दछ साथै खर्च तथा बचतको पनि लेखा राख्नु पर्दछ, जसबाट उद्यम व्यवसायको वर्तमान स्थितीको बारेमा ज्ञान हुन्छ र  वर्तमान स्थितीको सुधार तथा निरन्तरताको लागी योजनाहरु उत्पन्न हुने गर्दछन । उद्यम व्यवसायको लेखा जोखा राख्ने उद्यमी एक दिन अवस्य सफल बन्दछ किन कि ऊ सँग आफ्नो व्यवसायको ऐना लेखाको रुपमा रहेको हुन्छ । तसर्थ लघु उद्यमीहरुको लागी व्यवसायको लेखा जोखा एकदमै महत्वपुर्ण छ र यसको अवलम्बन अनिवार्य हुनु पर्दछ ।

**सफल व्यवसायी बन्न ध्यानदिनु पर्ने कुराहरु :**

लघु उद्यमीहरुले आफ्नो व्यवसायको दिर्घकालिन विकासका लागी तपशिल अनुसारका कुराहरुमा ध्यान दिनु पर्दछ ।

१) उद्यमको व्यवसायीक योजना निर्माण गर्ने ।

२) व्यवसायीक योजना सफल छ छैन त्यसको अध्ययन गरि योजना अनुसार कार्य सम्पादन गर्ने

३) व्यवसायमा गरिने लगानी र आम्दानीको दैनिक लेखा राख्ने ।

४) व्यवसायको लागी गरिने खर्चको दैनिक लेखा राख्ने ।

५) व्यवसायको वर्तमान स्थितीको अध्ययन गर्ने र सकारात्मक योजनाहरु बनाउने ।

६) उद्यम व्यवसायको लेखा दैनिक रुपमा चुस्त दुरुस्त अनिवार्य राख्ने ।

७) लिनु पर्ने र दिनु पर्ने जस्ता पक्षहरुको समयमै सम्पन्न गर्ने ।

८) सहयोगी संघ संस्थाहरु र कार्यालयहरुबाट सहयोगको पहल गर्ने साथै समन्वय बढाउने ।

९) लगानी तथा बिक्रीमा जोड दिने ।

१०) स्थानिय बजारमा माग र पुर्तीलाई ध्यानमा राखी व्यवसायको विस्तार तथा विकास गर्ने ।

११) आफ्नो व्यवसाय प्रति ग्राहकहरुलाई आकर्षित गर्ने ।

१२) व्यवसायप्रति समयको मागलाई ध्यान दिने ।

१३) व्यवसायको विधिवद रुपमादर्ता तथा नविकरण गर्ने ।

१४) व्यवसायको हक अधिकारवादी संघहरुमा आवद्ध हुने ।

१५) विभिन्न उद्यम प्रर्दशनीमा भाग लिने जसबाट व्यापारको साथै बजारीकरण भएको हुन्छ ।

१६) विभिन्न माध्यमद्धारा व्यवसायको बजारीकरण गर्ने ।

***लेखक :-*** *धुव्रकुमार शाही,*

*ठाटीकाँध गाउँपालिका दैलेखको उद्यम विकास शाखामा प्राविधिक पदमा कार्यरत हुनुहुन्छ ।*

## पैसा कमाउन जागिर खानु पर्दैन् ।



नाम : अस्मिता शाही
ठेगाना : ठाटीकाँध गाउँपलिका वडा नं.४, गैरागाँउ
उमेर : २२ वर्ष
समुहको नाम : श्री प्रगतिशिल लघु उद्यमी
ठाटीकाँध गा.पा. वडा नं. ४ दैलेख ।

ठाटीकाँध गाउँपालिकाको वडा नं. ४ उत्तर पुर्वमा पर्ने गैरागाँउ निवाषि २२ वर्षिया अस्मिता शाही वडा नं. ४ मा गठन भएको श्री प्रगतिशिल लघु उद्यमी समुहकी सचिव हुन । वुवा देववहादुर शाही र आमा लक्ष्मी शाहीको दोस्रो सन्तानको रुपमा वि.स. २०५७ सालमा यसै गाउँपालिका वडा नं.६ मा अस्मिताको जन्म भएको हो । समयको अन्तराल संगै २०७६ सालमा २० वर्षको कलिलो उमेरमा यहि गाउँपालिका वडा नं. ४ गैरागाँउ निवाषी लोकेन्द्र शाही संग अस्मिताको भागि विहे भयो । श्रीमान, सासु ससुरा, नन्द देवर गरी १० जनाको ठुलो परिवार छ, अस्मिताको । सानै उमेर देखि मेहेनती अस्मिता हरेक नयाँ काममा चासो दिनुका साथै घरायसी तथा खेतवारीको कामका पोक्त छन् ।

सानै उमेरमा विवाह वन्धनमा वाधिएकी अस्मितालाई आर्थिक समस्याले सधै सताई रहयो । ठुलो परिवार आफ्नो खेतवारीमा फलेको उब्जनीले ४ महिनामात्र खान पुग्ने अस्मिताको परिवारमा अरु आम्दानीको श्रोत केहि थिएन । आर्थिक समस्याकै कारण पठाई छाडेकी अस्मिताको मनमा अरु संगीहरु पढन गएको देख्दा रहर मनमा भक्कानो फुट्थो । दैनिक गुजारा गर्ने केहि जुहो नभय पछि श्रीमान लोकेन्द्रलाई अस्मिताले पैसा कमाई सानो घर हाल्ने आशामा मुग्लानतिर पठाईन् । गाँउमा अरुका वारीमा खेताला गर्दा गर्दै अस्मिताका दिनहरु विते, उताँ लोकेन्द्रले पनि भने जस्तो काम र काम अनुसारको दाम नपाउदा दिन काटन धौ धौ भयो । गाँउघर अनि श्रीमतिको मायाले गर्दा उनि भारतमा धैरै दिन वस्न सकेनन् र आफुनै गाँउलेवाट ऋण निकाली रित्तो हात घर फर्किन बाध्य भए । यहि समयमा ठाटीकाँध गाउँपालिका उद्यम विकास शाखाका कर्मचारीहरु संग २०७७ पौष महिनामा अस्मिताको भेट भयो ।



कार्यक्रम संचालनमा आएपछि सो कार्यक्रमको समुहमा आवद्ध भईन् । सो कार्यक्रम सहजिकरण गर्ने पालिकाका कर्मचारीको सहयोगमा समुहमा आवद्ध भएपछि कार्यक्रमको मोडेल अनुसार ८ दिने **आपनो व्यवसाय शुरु तथा सुधार गर्नुहोस** नामक तालिम प्राप्त गरीन् र

आफुले नै आफ्नो चाहना अनुसार सिलाई कटाई व्यवसाय छनोट गरिन । अस्मिताले भनिन सो तालिमवाट मैले व्यवसाय कसरी गर्ने, व्यवसायिक योजना कसरी निर्माण गर्ने, बिक्री वितरण, ऋण लगानि असुलि, वचत, वचत परिचालन, आदिवारे थुपै कुरा सिक्ने सुनौलो अवसर पाए र ममा व्यवसाय गर्नु पर्छ भन्ने हौसला पैदा भयो ।

त्यस लगतै गाउँपालिकाले उनलाई ३ महिने सिलाई कटाई **प्राविधिक सिप विकास तालिम** र आवश्यक प्रविधि र व्यवसाय गर्न रोजगार तालिम र आवश्यक ऋण सहकारीमार्फत उपलब्ध गरायो । **अजिङ्गर को आहारा दैवले पुराउछ** भने भैं उनको व्यवसाय गर्ने आशा उद्यमविकास शाखाले पुरा गरिदियो । उनले खुशी हुदै वताईन् । सिलाई कटाई व्यवसायवाट अहिले एक महिनामा १२ हजार रुपैया कमाउन सफल भएको छु ।

अस्मिता भन्नुहुन्छ : मैले उद्यमशिलता विकास तालिम र सिप विकास तालिममा सिकेका कुराहरु व्यवसायमा अवलम्वन गरेपछि मेरो व्यवसायको उत्पादन वढ्यो र जिवन स्तरमा पनि परिवर्तन भयो । व्यवसाय सम्वन्धि थुपै कुरा थाहा पाए पछि अहिले मैले सिलाई कटाई व्यवसायवाट आएको मुनाफावाट कपडा पसल पनि शुरु गरेकी छु । यो व्यवसायवाट आएको आम्दानिवाट श्रीमानलाई पनि व्यवसायिक सीप सिकाउने सोच गरेकी छु, र घर खर्च पनि यसै वाट चलेको छ ।

उद्यम विकास शाखा ठाटीकाँधले मेरो जिवनमा ठुलो परिवर्तन ल्याएको छ अस्मिता थप्नुहुन्छ : अहिले मैले कुर्ता, सुरुवाल, म्याक्सी, चौवन्धि, भाटो, पेटिकोट, ब्लाउज सिलाउन थाले, पछिल्लो समयमा कार्यक्रमवाट पुनर्ताजकि सिप विकास तालिम प्राप्त गरि साना वच्चा वच्चीको लागि सर्ट पाईन्ट सिलाउने गरेको छु । सिलाई कटाई व्यवसायवाट आएको पैसा वाट घर खर्च चलाउनुका साथै श्रीमानलाई ड्राइभिङ्ग सम्वन्धि सीप सीकाउने सोच गरेको छु । मैले मेरो श्रीमान ले कमाएको पैसाले यहि व्यवसायलाई विस्तार गर्ने सोच गरेकी छु । मेरो प्रगतिशिल लघु उद्यमी समुह र विभिन्न समुहमा गरी रु ५ हजार वचत छ ।

अन्तमा मलाई र मेरो जस्तो गरिव परिवारलाई यो कार्यक्रममा समावेश गरेर मेरो व्यवसाय गर्ने चासो मा उर्जा थपि आवश्यक तालिम र प्रविधिमा सहयोग गरि मेरो परिवारको आर्थिक अवस्थामा वृद्धि र जिविको पार्जनका सुधार गर्न सहयोग गर्नु हुने ठाटीकाँध गाउँपालिका र उद्यम विकास शाखाका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।



विजया दशमी, शुभदिपावली तथा छठ पर्व २०७८ को उपलक्ष्यमा हामी हाम्रा सम्पुर्ण ग्राहक महानुभावहरू, पालिकाबासी आमा बुवा तथा दाजुभाईहरू, देश विदेशमा रहेका सम्पुर्ण नेपालीहरूमा हार्दिक शुभकामना सहित हामी कहा सम्पुर्ण किसमका स्टेशनरी सामानहरू पाईन्छन् । एक पटक सेवा गर्ने मौका दिनुहोला ।

**मोहित स्टेशनरी एण्ड अर्डर सप्लायर्स**

ठाटीकाँध बजार, दैलेख

प्रो : उज्जला कुमारी बुढा, फोन नं. ९८६६२१६२०८

# गरे के हुदैन र ।



| | | |
|---|---|---|
| नाम | : | विनिता रावत |
| ठेगाना | : | ठाटीकाँध गाउँपालिका वडा नं. १ दैलेख |
| व्यवसाय | : | तरकारी खेती |
| समुहको नाम | : | भैरवथान लघु उद्यमी समुह, |

ठाटीकाँध गाउँपालिका वडा नं. १ की तीस वर्षिया विनिता परिचित तरकारी खेति कृषक हुन । जसले आजभन्दा ३ वर्ष अगाडि देखि सामान्य रुपमा तरकारी खेती गर्दै आएकी हुन । व्यवसाय गर्ने सपना देखेकी विनिताले कुनै व्यवसाय गरी आफ्नो परीवारलाई सुखी राख्न विभिन्न योजना वुन्न थालिन् । आर्थिक समस्याका कारण मिठो खाने र राम्रो घरमा वस्ने त केहि समय पहिले सपना जस्तै लाग्थ्यो विनितालाई, जग्गा



थोरै, खाने मुख धेरै भएर विहान वेलुकाको छाकको समस्या हुनथाले पछि काला पहाडतिर हान्निएका श्रीमान् अर्जुन रावत केहि वर्ष परदेशमा ज्याला मजदुरी गरी कमाई ल्याएको २५ हजार भारतिय रुपैया पुरानो ऋण तिर्दा तिर्दै सकिएको थियो । दुख धेरै अनि कमाई थोरै हुने अनि वच्चा वच्ची श्रीमती र घरवार छोडेर परदेशमा वस्न मन नलागेपछि वरु रावत, गाउमै ज्याला मजदुरी गर्ने सोचका साथ त्यही मुख्य पेशा वनाई घरमै वस्न थाले ।

परदेशको कमाईले नपुगेर घर फर्किएका श्रीमान्ले गरेको दुखमा साथ दिन विनिताले आफनै लगानीमा केहि वर्ष अगाडि आफ्नो वारीमा सामान्य तरकारी खेति गर्न थालिन । तालिम पश्चात उनले

उत्पादन गरेको ताजा तरकारीले वजार नपाएपछि विक्री वितरणमा समस्या भयो उनलाई । मेहनतले उत्पादन गरेको ताजा तरकारीले उचित मुल्य नपाए पछि ग्राहकले तोके अनुसारको मुल्यमा विक्रि गर्न उनी वाध्य भईन् । निरन्तर तरकारी खेती गर्दै आएकी विनिता २०७७ साल पौष महिनामा गाउँपालिका उद्यमविकास शाखावाट लघु उद्यमविकास कार्यक्रम संचालनमा आएपछि सो कार्यक्रमको समुहमा आवद्ध भईन् । सो कार्यक्रम सहजिकरण गर्ने फिल्ड कर्मचारीको सहयोगमा समुहमा आवद्ध भएपछि कार्यक्रमको मोडेल अनुसार ८ दिने **आपनो व्यवसाय शुरु तथा सुधार गर्नुहोस** नामक तालिम प्राप्त गरीन् । विनिताले भनिन् सो तालिमवाट मैले व्यवसाय कसरी गर्ने, व्यवसायिक योजना कसरी निर्माण गर्ने, विक्री वितरण, ऋण लगानि असुलि, वचत वचत परिचालन, आदिवारे थुपै कुरा सिक्ने सुनौलो अवसर पाए र मलाई व्यवसाय गर्न थप उर्जा थपियो ।'



त्यस लगतै कार्यक्रमले उनलाई ६ दिने **प्राविधिक सिप विकास तालिम** र आवश्यक प्रविधि (प्लाष्टिक घर, विषादी निमार्ण गर्ने डरम, विभिन्न तरकारीका विउ, स्प्रे ट्याङ्की, हजारी, क्यारेट, नसरी, प्लास्टिक, आदि) उपलव्ध गरायो । **अजिङ्गरको आहारा दैवले पुराउछ** भने भै उनको व्यवसाय गर्ने आशा गाउँपालिकाले पुरा गरिदियो । उनले खुशीहुदै वताईन् आधुनिक तरकारी खेती व्यवसायवाट अहिले एक सिजनमा ३० हजार रुपैया कमाउन सफल भएको छु ।'

मैले उद्यमशिलता विकास तालिम र सिपविकास तालिममा सिकेका कुराहरु व्यवसायमा अवलम्वन गरेपछि मेरो तरकारी को उत्पादन वढ्यो र जिवनस्तरमा पनि परिवर्तन भयो । व्यवसाय सम्वन्धि थुपै कुरा

थाहा पाए पछि अहिले मैले तरकारी खेतिवाट आएको मुनाफावाट कुखुरा पालन ब्यवसाय पनि शुरु गरेकी छु। यो ब्यवसायवाट मेरो श्रीमान ले रोजगारी पाएका छन् भने बच्चाहरुको खालि समयको पनि सदुपयोग भएको छ र थपआम्दानिहुने आशा गरेकी छु। ठाटीकाँध गाउँपालिका उद्यमविकास शाखाले मेरो जिवनमा ठुलो परिवर्तन ल्याएको छ।

अहिले मैले मेरो वारीमा मौसमी तथा वेमौसमी तरकारी लगाएको छु। यो सिजनमा मुख्य तरकारी हरुमा वन्दा, काक्रा, सिमी, वोडी, फर्सि, लौका, खुसार्नि करेला, भेन्टा, चिचिन्डा, काउली आदि लगाएको छु भने प्लास्टिक घर भित्र वेमौसमी गोलभेडा रोपेकी छु। यो गोलभेडा खेति अन्य तरकारी भन्दा फाइदाजनक पनि छ।

तरकारी ब्यवसाय गर्नु भन्दा पहिले सोच्दथे धेरै जग्गा हुनेहरु धनि हुन ,आफुसँग थोरै जग्गा भएकाले केहि गर्न सकिदैन, तर तरकारी खेति गरेर आम्दानि गर्न शुरु गरेदेखि भने धेरै जग्गा हुनु ठुलो कुरा होइन रहेनछ, त्यसको राम्रो सदुपयोग ठुलो कुरा रहेछ भन्ने कुरा राम्रो संग वुझे। अन्नवालिको तुलनामा तरकारी खेति १० गुणा ले वढि फाइदाजनक छ। मैले तरकारी खेति गरेर ४ रोपनि जमिनमा ३० हजार कमाए यहि जमीनमा पहिले धान रोप्दा २०, २५ पाथि मात्र फल्दथो। त्यसैले सम्पुर्ण किसानहरु लाई परम्परागत खेति प्रणालि जहाँ धान, मकै, गहु, कोदो, रोपिन्छ त्यहाँ आधुनिक प्रणालिवाट तरकारी खेतिगर्न अनुरोध गर्दछु।

अहिले मलाई रासायनिक मल किन्न आवश्यक छैन, किनकी सुधारिएको गोठे मल, पशुमुत्र संकलन, र कम्पोट मल प्रयोग गर्ने गर्छु, जस्ले गर्दा माटोको उर्वरा शक्ति कायम गर्न सकिरहेको छ। अहिले म संग १ भैसि र ३ वाखा छन्। शुरु शुरुमा तरकारी लगेर वेच्न लाज लाग्थो तर अहिले गाउँपालिकाले सहयोग गरेर वजार र वजारीकरणकावारेमा थाहा पाए देखि त्यो समस्या टाढिएको छ। वजारमा विक्री वितरणको कुनै समस्या छैन, विक्री गर्न त आफुमा कला हुनु पर्दो रहेछ, वरु उपभोक्ताको माग पुरा गर्न नसकिएकोमा पछुतो छ। तरकारी खेति गरेर आएको पैसा वाट घर खर्च चलाउनुका साथै वाखापालनको लागि छानो निमार्ण गर्ने सोच गरेको छु। मेरो यहि स्थानमा रहेको श्री कालिका समुहर विभिन्न समुहमा गरी रु ८ हजार वचत छ। अन्तमा मलाई यो कार्यक्रममा समावेश गरेर मेरो ब्यवसाय गर्ने चासो मा उर्जा थपि आवश्यक तालिम र प्रविधिमा सहयोग गरि मेरो आर्थिक अवस्थामा वृद्धि र जिविको पार्जनका सुधार गर्न सहयोग गर्नु हुने ठाटीकाँध गाउँपालिका उद्यमविकास शाखालाई धन्यवाद दिन चाहन्छु।

धन्यवाद।

# गाउँमै रोजगारी



| | |
|---|---|
| नाम | : जसुधा सलामी |
| ठेगाना | : ठाटीकाँध गाउँपलिका वडा नं.२, जौचर । |
| व्यवसायको नाम | : ढाँका कपडा उत्पादन । |
| समुहको नाम | : श्री बिजारेचौर ढाँका उत्पादन लघु उद्यमी समुह । |

ठाटीकाँध गाउँपालिका वडा नं. २ जौचर निवाषी जसुधा सलामी मगर सानो घरमा वच्चा काखमा राखेर ढाँका कपडा वुनिरहेको देखिन्छिन् । वुवा जंगवहादुर र आमा छलु सिंजापती मगरको जेठो सन्तानको रुपमा वि.स.२०५२ साल असार २७ गते पन्चपुरी नगरपालिका वडा नं. ६ वावियाँ चौर सुर्खेतमा उहाँको जन्म भएको हो । आर्थिक अवस्था कमजोर भएका कारण पढ्ने मन हुदाँहुदै पनि पढन पाईनन् । वाल्यकाल घार दाउरा गोठाला गर्दा गदै वित्यो । वुवा दिर्घरोगी भएका कारण सानै उमेर देखि भाई वहिनि हुर्काउने जिम्मा उनीमाथि आईपर्‍यो । उनी भन्छीन् "पारिवारीक जिम्मेवारीले सानै देखिका मगन सिकायो" । सोहि स्थानमा विहे गरेकी जसुधाको पहिलो घर र दाम्पत्य जिवन सुखद रहेन् ।

समयको अन्तराल संगै सुर्खेतको वाँवियाचौर देखि दैलेखको ठाटीकाँध गाउँपालिकामा आफन्तजनलाई भेटन आफ्नो क्रममा उहाँको सोहि ठाउँ निवाषी उजेन्द्र सलामी संग विहे भयो । विहे लगतै उपेन्द्र आफ्नो परिवार लाई सुख दिने केहि पैसा कमाएर सानो घर वनाउने सोचका साथ घर सल्लाह वमोजिम मुग्लानतिर लागे । करिव १ वर्ष परदेशमा ज्याला मजदुरी गरी कमाई ल्याएको पैसा पुरानो ऋृण तिर्दा तिर्दै सकियो । दुःख धेरै अनि कमाई थोरै हुने र श्रीमतीको मायाले परदेशमा वस्न मन नलागे पछि वरु उपेन्द्र, गाउमै ज्याला मजदुरी गर्ने भनी घर फर्किए ।

परदेशको कमाईले नपुगेर घर फर्किएका श्रीमान्ले गरेको दुःखमा साथ दिन जसुधाले सानो लगानीमा वाखा तथा कुखुरा पाल्ने काम गर्न थालिन । सोहि व्यवसायवाट आएको आम्दानीले घर खर्च टार्न थालिन । मेहेनती जसुधा र उनका श्रीमान उपेन्द्रले हरेक कामहरु मेहेनतका साथ गर्न भएका कारण गाउँमा सवै जनाले उहाँहरुलाई हरेक काममा अवसर दिन थाले । सीपविकास तालिम सिकी केहि गर्नपर्छ भन्ने सोच भएकी जसुधा २०७७ साल पौष महिनामा गाउँपालिका उद्यमविकास शाखावाट लघु उद्यमविकास कार्यक्रम संचालनमा आएपछि सो कार्यक्रमको समुहमा आवद्ध भईन् । सो कार्यक्रम सहजिकरण गर्ने फिल्ड कर्मचारीको सहयोगमा समहमा आवद्ध भएपछि कार्यक्रमको मोडेल अनुसार ८ दिने **आपनो व्यवसाय शुरु तथा सुधार गर्नुहोस** नामक तालिम प्राप्त गरीन् । जसुधाले भनिन् "सो तालिमवाट मैले व्यवसाय कसरी गर्ने, व्यवसायिक योजना कसरी निर्माण गर्ने, विक्री वितरण, ऋृण लगानि असुलि, वचत वचत परिचालन, आदिवारे थुपै कुरा सिक्ने सुनौलो अवसर पाए र मलाई व्यवसाय गर्न थप उर्जा थपियो । "त्यस लगतै कार्यक्रमले उनलाई २ महिने **ढाँका कपडा उत्पादन प्राविधिक सिप विकास तालिम** र आवश्यक प्रविधि (तान, कोका, कंगी, सटल, वालपिंग डरम, आदि) उपलव्ध गरायो । **हुने हार दैवनटार** भने झै उनको व्यवसाय गर्ने आशा गाउँपालिकाले पुरा गरि



दियो । उनले खुशीहुदै वताईन् ढाँका कपडा उत्पादन ब्यवसायवाट अहिले एक सिजनमा २३ हजार रुपैया कमाउन सफल भएको छु ।’

मैले उद्यमशिलता विकास तालिम र सिपविकास तालिममा सिकेका कुराहरु ब्यवसायमा अवलम्वन गरेपछि मेरो ब्यवसायको उत्पादन वढ्यो र जिवनस्तरमा पनि परिवर्तन भयो । ब्यवसाय सम्वन्धि थुप्रै कुरा थाहा पाएपछि अहिले मैले यो ब्यवसायका साथमा अन्य ब्यवसाय पनि गरेको छु । घरमै वसि वसि गर्ने ब्यवसाय भएका कारण मैले यो ब्यवसाय संगै अन्य तरकारी खेती र कुखुरा पालन ब्यवसायलाई पनि हेरचाहा गर्ने समेत काम संगै गर्ने गरेकी छु । यसवाट थप आम्दानि हुने आशा गरेकी छु । ठाटीकाँध गाउँपालिका उद्यमविकास शाखाले मेरो जिवनमा सानो भएपनि परिवर्तन ल्याएको छ । यो ब्यवसायवाट एकातिर मेरो खाली समयको सदुपयोग भएको छ भने अर्कातिर आयआर्जन हुनुका साथ स्थानीयवजारको माग नि पुरा गर्न सकिएको छ । शुरु शुरुमा ढाँका कपडा देख्दा यो त मेशिनवाट उत्पादन हुन्छ होला लाग्थो तर पछि गाँउपालिकावाट सीप विकास तालिम लिई कपडा उत्पादन गर्न थालेपछि आफैमा खुशिको सिमा नै छैन । घर मै वसि वसि केहिमात्रामा पैसा कमाउन थालेपछि घरपरिवारले दिने माया र सम्मानमा पनि परिवर्तन भएको महशुस गरेकी छु । ढाँका ब्यवसाय आएको पैसा वाट घर खर्च चलाउनुका साथै वाखापालनको लागि छानो निमार्ण गर्ने सोच गरेको छु । मेरो यहि स्थानमा रहेको श्री बिजारेचौर ढाँका उत्पादन लघु उद्यमी समुह र विभिन्न समुहमा गरी रु ७ हजार वचत छ ।

अन्तमा मलाई र मेरो जस्तो गरिव परिवारलाई यो कार्यक्रममा समावेश गरेर मेरो ब्यवसाय गर्ने चासोमा उर्जा थपि आवश्यक तालिम र प्रविधिमा सहयोग गरि मेरो आर्थिक अवस्थामा वृद्धि र जिविकोपार्जनका सुधार गर्न सहयोग गर्नु हुने ठाटीकाँध गाउँपालिका उद्यमविकास शाखालाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

## कविता


बेरोजगार युवालाई रोजगार, हुनु पर्छ ।
केही गर्ने, आफ्नै हात, दम्मदार हुनु पर्छ ॥

कति युवा खाडीमुलुक रोजगारीको सिलसिलामा ।
यिनलाई रोकी साथ दिने, सरकार हुनु पर्छ ॥

भारतले सिमा मिच्यो, रुदैछिन् नेपाल आमा ।
सिमानामा त्यो बलियो काँडेतार हुनु पर्छ ॥
भन्छन् यहाँ आफ्नो मात्र ठुलो घर बनाउने रे ।
गरिवको झुपडिनी दरबार हुनु पर्छ ॥

आफ्नो देशमा केही गरि, पौरख चलाई खानलाई ।
हातहातमा कोदालो नै, हतियार हुनु पर्छ ॥

बेरोजगार युवालाई रोजगार, हुनु पर्छ ।
केही गर्ने, आफ्नै हात, दम्दार हुनु पर्छ ॥



**मानकुमारी आले मगर**
**मदनतालहोत होजियारी लघु उद्यमी समुह**
**ठाटीकाँध गाउँपालिका ३, खुड्खुडी दैलेख**

## कविता

लौ न प्रभु प्रगतिको खोला बगाइदेउन
प्रगतिको रिस गर्नेलाई जल्ने बनाइदेउन

बोल्दा पनि पैसा लाग्ने जस्तो गर्छन्
मैले कुरा गर्दा खेरी मुन्टो बटार्छन्
मेरो प्रगतिलाइ अझै बढाइदेउन
प्रगतिको रिस गर्नेलाई जल्ने बनाइदेउन ।

बर्षदिनमा एकपल्ट भेट हुदाँपनी
सफा लुगा देख्दा, आशु झार्छन् तिनी
मेरो स्तर अझै बढ्ने बाटो खुलाई देउन
प्रगतिको रिस गर्नेलाई जल्ने बनाई देउन ।

काम यस्तो गर्न सकु जिन्दगीमा मैले
बाचुञ्जेल कृति बढोस सवैभन्दा पहिले
मेरो कुरा काट्ने तिनको समय बढाई देउन
प्रगतिको रिस गर्नेलाई जल्ने बनाई देउन ।



**नेम बहादुर विष्ट,**
**देउती तरकारी उत्पादन ल.उ.स.,**
**ठाटीकाँध-२, दैलेख**

# ठाटीकाँध गाउँपालिका उद्यम विकास शाखाले प्रर्दान गर्ने सेवाहरू

- ब्यवसायिक योजना निमार्ण तथा ब्यवसायिक परामर्श ।
- ब्यवसाय दर्ता, नविकरण, ठाउँसारी, नामसारी, सिफारिस तथा नविकरण कार्य र  सहजिकरण ।
- उद्यमशिलता विकास तालिम प्रदान ।
- प्राविधिक सीप विकास तालिम प्रदान ।
- उपयुक्त प्रविधि सहयोग तथा सहजिकरण ।
- उत्पादित वस्तुको वजारीकरण ।
- वस्तु तथा सेवाको लेवलिंग तथा प्याकेजिङ्ग ।
- सहकारी अनुशिक्षण कार्यक्रम ।
- समुह दर्ता तथा विनियम तयारी कार्य ।
- ब्यवसाय शुरू, सुधार र विस्तार सम्वन्धिको तालिम सहजिकरण ।
- समुह वैठक संन्चालन र प्रर्वद्धन ।
- वित्तिय संस्था र समुह विचसमन्वयात्मक कार्य ।
- ठाटीकाँध गाउँपालिकाको नीतिनियम भित्र रही संचालन गरिने अन्य कार्यहरू ।

# मिडियामा ठाटीकाँध गाउँपालिका, उद्यमशाखाको उपस्थिती :

## आ.व. २०७७/०७८



जनचासो खबर

उद्यमशीलता विकास तालिम

जग्गा बिक्रीमा

सम्पर्क नम्बर : ९८४८०२३४९६

देलेखी अनमोल ज्वेलर्स

ड्राइभर आवश्यकता



जनचासो खबर

प्रभावकारी बन्दै सिप विकास तालिम

मनमोहक तथा आ

विश्वासिलो एक म

न्यु दैलेख



ठाटिकाँधमा एक सय ३८ जना नयाँ लघु उद्यमी



8 २०७८ साउन २१ बिहिबार Thursday, 5 Aug. 2021 अन्त्यमा

उद्यमी बन्दै दुर्गमका महिला

घर निर्माण कार्यको लागि सम्पर्क गर्नुहोस

२१ औं शताब्दिको सुहाउँदो



साझा बिसौनी

प्राविधिक सीप विकास तालिम संचालन

न्यु दैलेखी फ्यान्सी ज्वेलर्स

सुवर्ण अवसर ! सुवर्ण अवसर !!



नयाँ नेपाल

भावकारी बन्दै सिप विकास तालिम

Admission

## ठाटीकाँध गाउँपालिका अर्न्तगत सरोकारवालाहरुको महत्वपूर्ण सम्पर्क फोन नम्वरहरु :

**क) जनप्रतिनिधिहरु :**

| क्र.स. | नाम/थर | पद | कार्यालय | फोन नं. |
|---|---|---|---|---|
| १ | धीर वहादुर शाही | अध्यक्ष | ठाटीकाँध गाउँपालिका | ९८५८०२१२७५ |
| २ | सुस्मिता सिंह (शाही) | उपाध्यक्ष | ठाटीकाँध गाउँपालिका | ९८५८०२१२७४ |
| ३ | नर्तम वहादुर वुढा | अध्यक्ष, | १ नं.वडा कार्यालय | ९८४८१४१५७८ |
| ४ | रुप विश्वकर्मा | अध्यक्ष, | २ नं.वडा कार्यालय | ९८५८०२४५२० |
| ५ | कर्ण वहादुर शाही | अध्यक्ष, | ३ नं.वडा कार्यालय | ९८५८०५५४९० |
| ६ | रमेश सिंजापती | अध्यक्ष, | ४ नं.वडा कार्यालय | ९८५८०६६५५५ |
| ७ | पंखवहादुर शाही | अध्यक्ष, | ५ नं.वडा कार्यालय | ९८६८३९६६३५ |
| ८ | मन वहादुर सिंजापती | अध्यक्ष, | ६ नं.वडा कार्यालय | ९८५८०५०२५६ |

ख) स्वास्थ्यकर्मीहरु

| क्र.स. | नाम/थर | पद | कार्यालय | फोन नं. |
|---|---|---|---|---|
| १ | डा. प्रदिपधौलाकोटी | कार्यालय प्रमुख | प्राथमिक स्थास्थ्य केन्द्र ठाटीकाँध । | ९८४९९८०८९८ |
| २ | लक्ष्मी रावत | हेल्थ असिस्टेन्ट | प्राथमिक स्थास्थ्य केन्द्र ठाटीकाँध । | ९८४८१५८१०० |
| ३ | किशोर तिरुवा | एम्वुलेन्स चालक | प्राथमिक स्थास्थ्य केन्द्र ठाटीकाँध । | ९८६८६७८१२० |
| ४ | लक्ष्मणकुमार थापा | हलुका सवारी चालक | ठाटीकाँध गाउँपालिका, दैलेख । | ९८५८०५९४२३ |

ग) वडा सचिवहरु

| क्र.स. | नाम/थर | पद | कार्यालय | फोन नं. |
|---|---|---|---|---|
| १ | पदमवहादुर बम | वडा सचिव | १ नं.वडा कार्यालय | ९८५८०५०४२५ |
| २ | मन्दिर वहादुर वुढा | वडा सचिव | २ नं.वडा कार्यालय | ९८५८०५९९६२ |
| ३ | गोरक वहादुर शाही | वडा सचिव | ३ नं.वडा कार्यालय | ९८४९३७९३१५ |
| ४ | प्रकाश मगर | वडा सचिव | ४ नं.वडा कार्यालय | ९८४८०१४७८५ |
| ५ | बीरेन्द्र शाही | वडा सचिव | ५ नं.वडा कार्यालय | ९८५८०६२६८२ |
| ६ | भुवनमलई मगर | वडा सचिव | ६ नं.वडा कार्यालय | ९८६८९३२१९२ |

घ) ठाटीकाँधगाउँपालिका, दैलेखको शाखाप्रमुखहरु

| क्र.स. | नाम/थर | पद | शाखा | फोन नं. |
|---|---|---|---|---|
| १ | नेम वहादुर खत्री | सामाजिकविकास अधिकृत | सामाजिक विकास शाखा | ९८४३२६८७८५ |
| २ | नेत्र वहादुर थापा | शिक्षाअधिकृत | शिक्षा,युवातथा खेलकुदशाखा | ९८४९९६३९६७ |
| ३ | लोकेन्द्र भण्डारी | शाखाप्रमुख | आर्थिक प्रशासनशाखा | ९८६८३०३८९४ |
| ४ | मोहन सिंह वुढा | शाखाप्रमुख | उद्यमविकास शाखा | ९८५८०७९४६७ |
| ५ | रविन्द्र भण्डारी | शाखाप्रमुख | स्वास्थ्य शाखा | ९८६८१६००९९ |
| ६ | धनरुप रोकाया | शाखाप्रमुख | स्टोर शाखा | ९८६६२१६१६८ |
| ७ | अविसरा रोकाया | शाखाप्रमुख | प्रशासन शाखा | ९८६४८६५३५१ |
| ८ | विनोद कुमार विष्ट | शाखाप्रमुख | कृषि शाखा | ९८४८२१२८०६ |
| ९ | थिर वहादुर खडका | शाखाप्रमुख | पशु शाखा | ९८४८००२००१ |
| १० | प्रकाश कोईराला | रोजगार संयोजक | रोजगार शाखा | ९८५१००९७३९ |
| ११ | कल्पना दशौदि | शाखाप्रमख | पञ्जीकरण शाखा | ९८६४९२०३२५ |

# ठाटीकाँध गाउँपालिकाको फोटो झलक



वडा अध्यक्ष श्री कर्ण बहादुर शाहीद्धारा दालमोठ उत्पादन सीप विकास तालिमको समापन कार्यक्रम, ठाटीकाँध ३, दैलेख



हाते होजियारी पुर्नताजकी सीप विकास तालिम पश्चात प्रमाणपत्र वितरण, ठाटीकाँध गाउँपालिका ६, दैलेख



कटाई सीप सिक्दै सिलाईकटाई पुर्नताजकी सीप विकास तालिम, ठाटीकाँध ६, दैलेख



वडा अध्यक्षबाट लघु उद्यमीलाई उपर्युक्त प्रविधि हस्तान्त्रण, ठाटीकाँध ३, दैलेख




उपाध्यक्ष श्री सुस्मिता सिंह ज्यूबाट लघु उद्यमीलाई प्रविधि हस्तान्त्रण ठाटीकाँध ४, दैलेख



अध्यक्ष श्री धीर वहादुर शाही ज्यू वाटलघु उद्यमीहरुलाई सिलाइकटाइ मेसिन हस्तान्त्रण, ठाटीकाँध दैलेख



बेमौसमी तरकारी खेतिको प्रविधि सहयोग




सिलाईकटाई मेसिन लघु उद्यमीलाई हस्तान्त्रण

# ठाटिकाँध गाउँपालिका
# उद्यम विकास शाखाको

## जनहितमा जारि सन्देश


## नोट

नोट

उद्यम विकास शाखाको बार्षिक प्रगति बुलेटिन

# उद्यमीका कुरा

## आ.व. २०७७/०७८




**व्यवसायिक शिक्षा, स्वास्थ्य, उद्यम, कृषि र पुर्वाधार, ठाटीकाँध गाउँपालिकाको सम्बृद्धिको आधार**

**ठाटीकाँध गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र, दैलेख**

**सम्पर्क फोन : ९८४४८९१३११,**

इमेल : thatikandha.rmp@gmail.com

Website: thantikandhmun.gov.np

**प्रकाशक**
ठाटीकाँध गाउँपालिका, दैलेख
कर्णाली प्रदेश, नेपाल

**सल्लाहाकार**
श्री धिर बहादुर शाही, अध्यक्ष ठाटीकाँध गाउँपालिका, दैलेख
श्री सुस्मिता सिंह (शाही) उपाध्यक्ष ठाटीकाँध गाउँपालिका, दैलेख
श्री मन बहादुर थापा, प्रमुख प्रशासकिय अधिकृत, ठाटीकाँध गाउँपालिका, दैलेख
कल्पना खत्री, कार्यलय प्रमुख, उद्योग तथा उपभोक्ताहित संरक्षण कार्यालय, दैलेख
दीपक गर्तौला, (प्रादेशिक लघु उद्यमविकास विशेषज्ञ)

**सम्पादक**
श्री मोहन सिंह बुढा
शाखा प्रमुख (उद्यम विकास शाखा, ठाटीकाँध गाउँपालिका, दैलेख)

**सम्पादन सहयोगी**
श्री कृपाराम थापा, कार्यक्रम संयोजक
श्री कुमार खेम सुन्दर शाही, इन्जीनियर
श्री नेमबहादुर खत्री, सामाजिक विकास शाखा प्रमुख
श्री हरी शाही, आइटी अधिकृति
श्री लोकेन्द्र भण्डारी, लेखा प्रमुख
श्री नेत्रबहादुर थापा, शिक्षा अधिकृत
श्री इन्द्र बहादुर रोकाया (आ.ले.प.)
श्री धनरुप रोकाय, सहायक पाचौं
श्री धुव्रकुमार शाही, उद्यम विकास प्राविधिक

**प्रकाशन प्रति :** ५००

**सर्वाधिकार सुरक्षित :**प्रकाशकमा

**तस्वीर :** ठाटीकाँध गाउँपालिका, दैलेख

**सम्पर्क :**
**ठाटीकाँध गाउँपालिका**
उद्यम विकास शाखा
लकान्द्र, दैलेख
९८५८०७९४६७

राज बहादुर शाही
मा.सभामुख
कर्णाली प्रदेश

# प्रदेश सभा

## कर्णाली प्रदेश

वीरेन्द्रनगर सुर्खेत

Email- shahirajbahadur@gmail.com
मो.नं. ९८५११२८५६४

मिति :- २०७८/०३/१०

पत्र संख्या : २०७७/०७८
चलानी नम्वर :



## शुभकामना

ठाटीकाँध गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय लकान्द्र, दैलेखले नेपाल सरकारवाट अनुदान सहयोग र गाउँपालिकाको लगानीमा गरिवी निवारणकालागि लघु उद्यमविकास कार्यक्रम **(MED-PA)**, मेडेप मोडेलमा उद्यमशिलता विकास सम्वन्धि विभिन्न क्रियाकलापहरु संन्चालन गर्दै आएकोमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु। लघु उद्यमविकास कार्यक्रमले सन् १९९८ देखि नै स्थानीय स्रोत, साधनमा आधारित कच्चा र स्थानीय श्रमको प्रयोगमा थोरै पूजी लगानी गरी न्यून आय भएका साथै विकट क्षेत्र र विपन्नवर्गमा रोजगारी सिर्जना र गरिबि न्यूनिकरणमा महत्वपूर्ण योगदान पुराउदै आएको छ । आ.व. २०७७/०७८ देखि यो कार्यक्रम कार्यन्वयनको जिम्मा स्थानीयतहमा आएदेखि कार्यक्रम थप परिस्कृत र प्रभावकारी तवरले संन्चालनमा आएको देखिन्छ । यसै बीचमा ठाटीकाँध गाउँपालिका (उद्यम विकास शाखा) ले कार्यक्रम कार्यन्वयका सम्पूर्ण पक्षहरु समावेश गरी **"उद्यमीका कुरा"** नामक पुस्तक प्रकाशन गर्ने जमर्को गरेकोमा शुभकामना व्यक्त गर्न चाहान्छु।

लघु उद्यमविकास कार्यक्रम **(MEDEP)**को करिव २३ वर्ष लामो अनुभव तथा यसले विकास गरेको लघु उद्यमविकास नमुना, यसको कार्यन्वयन प्रक्रिया, तौर तरिकाहरु, मेडपाको उद्यमविकास सम्वन्धी कार्यक्रम कार्यन्वयनलाई प्रभावकारी वनाउन र दिगो रुपमा संस्थागत गर्न अति आवश्यक देखिन्छ । यसका लागि स्थानीयतहको भुमिका महत्वपूर्ण हुने देखिन्छ । स्थानीय स्रोत र साधनको परिचालन गरी वजार मागको आधारमा वस्तु उत्पादन तथा वजारीकरण गरी यूवाहरुलाई उद्यमी वनाएर केहि मात्रामा स्थानीय तहमै रोजगारी सिर्जना गरेकोमा गाउँपालिकालाई धन्यवाद ज्ञापन गर्दछु।

युवा तथा लक्षितवर्गलाई उद्यमशिलताका क्रियाकलापमा संलग्नता गराई रोजगारका अवसरको सिर्जना गर्ने कामलाई उच्च प्राथमिकतामा राख्ने प्रतिवद्धता जाहेर गर्दछु। सवै उद्यमीको लागि यो **"उद्यमीका कुरा"** नामक पुस्तक व्यवसायिक प्रेरणाको श्रोत बनोस्। साथै नारीहरुको महानचार्ड हरितालिका तिज, बडादशै, शुभदिपावली, छठ जस्ता राष्ट्रिय पर्वहरुको समस्त नागरिकहरुमा मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद ।**

राज वहादुर शाही
सभामुख
प्रदेश सभा सचिवालय कर्णाली प्रदेश, नेपाल

# ठाटीकाँध गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय


**लकान्द्र, दैलेख**

**कर्णाली प्रदेश, नेपाल**

मिति :- २०७८/०३/१२

**पत्र संख्या (Ref. No.) : २०७८/०७९**

**चलानी नं. (Dispatch No.) :**



*शुभकामना ॥*

गरिवी निवारणको लागिलघु उद्यमविकास कार्यक्रम (MED-PA) नेपाल सरकारवाट अनुदान सहयोग र यस गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत स्थानीयतहवाटै कार्यक्रम कार्यान्वयन भएकोमा हामी गौरवान्वित भएका छौं । गरिवी न्यूनीकरणको प्रयासमा एक कोशे ढुंगा सावित भएको लघु उद्यमविकास कार्यक्रमलाई हाम्रो गाउँपालिकाले अझै सशक्त र पारदर्शिर्त ढंगले कार्यान्वयन गर्ने छ । संघीय सरकारवाट आएको अनुदान सहयोग ले यस आ.व.मा ९० जना र गाउँपालिकाको लगानीमा ५२ जना गरी  जम्मा १४२ जनालाई मागमा आधारित विभिन्न सीप विकास तालिम प्रर्दान गरी नयाँलघु उद्यमी सिर्जना भएका छन् भने ५० जना पूराना उद्यमीको स्तरोन्नतिको कार्य लघु उद्यमविकास कार्यक्रमको उद्यमविकास नमुनामा आधारित रही विभिन्न उद्यमशिलताका क्रियाकलापहरु संचालन तथा सम्पन्न गरिएकाछन् ।

गरिवी न्युनीकरणको लागि स्थानीय कच्चा पदार्थमा आधारित विभिन्न उद्यम व्यवसायको विकास र प्रर्वद्धन गर्नको लागि यो कार्यक्रम ज्यादै फलदायी हुने विश्वास गरिएको छ । सोही विश्वास अनुसार यस गाउँपालिकाले सामाजिक परिचालन, सहभागितामुलक ग्रामिण लेखा जोखा, घर धुरी सर्वेक्षण र उद्यमशिलता विकास तालिम, प्राविधिक सीप विकास तालिम, लघु कर्जामा समन्वय, उपयुक्त प्रविधि हस्तान्तरण, वजारीकरण तथा स्तरोन्नति जस्ता क्रियाकपलापहरु सम्पन्न गरिएका छन् । यसै बीचमा हाम्रो गाउँपालिका (उद्यमविकास शाखा) ले कार्यक्रम कार्यान्वयनका सम्पूर्ण पक्षहरु समावेश गरी ***"उद्यमीका कुरा"*** नामक पुस्तक प्रकाशन गर्ने जमर्को गरेकोमा शुभकामना ब्यक्त गर्न चाहान्छु । यो कार्यक्रमलाई सहयोग गर्ने विभिन्न सरोकारवाला निकायहरु, जिल्ला उद्यम विकास समिति, प्रमुख प्रशासकीय अधिकृत, मेड्पा टि.ए. टिम, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेख, साथै उद्यम विकास समितिका पदाधिकारी र उद्यम विकास शाखाका कर्मचारी सवैलाई धन्यबाद दिन चाहान्छु ।

धीर वहादुर शाही
**अध्यक्ष**

# ठाटीकाँध गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**लकान्द्र, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

मिति :- २०७८/०३/१३

**पत्र संख्या : २०७८/०७९**
**चलानी नं. :**



*शुभकामना ॥*

विकास र प्रगतिको लागि भौतिक पूर्वाधारको विकास मात्र नभई, नागरिकहरुमा शिक्षा, स्वास्थ्य, रोजगार, उद्यमशिलता विकास, नागरिक सचेतना जस्ता पक्षहरु महत्वपूर्ण हुन्छन्। नेपाल सरकारवाट अनुदान सहयोग र यस गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत उद्यम विकास शाखावाट संन्चालन भएको गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (MED-PA) ले एउटा संम्भावित उद्यमीहरुलाई समग्र तालिम प्याकेज प्रदान गरी उसले उत्पादन गरेको वस्तु तथा सेवाको वजारीकरण गर्ने सम्मका कार्यमा सहजिकरण गर्ने भएका कारण यो कार्यक्रम गरिवी न्युनीकरणको प्रयासमा एक कोशे ढुंगा सावित हुने विश्वास गरेको छु। यसै बीचमा हाम्रो गाउँपालिका (उद्यम विकास शाखा) ले कार्यक्रम कार्यन्वयका सम्पूर्ण पक्षहरु समावेश गरी **"उद्यमीका कुरा"** नामक पुस्तक प्रकाशनको सफलताकालागि हार्दिक शुभकामना ब्यक्त गर्दछु।

युवाहरुको लागि उद्यम शिलताको माध्यमवाट आर्थिक अवसर सिर्जना गरी, उनीहरुलाई कुनै न कुनै ब्यवसायमा संलग्न राख्न सके ठाटीकाँध गाउँपालिकाले देखेको सम्बृद्धिको सपना साकार हुने कुरामा गाउँपालिका विश्वस्त छ। अन्तमा आगामी दिनहरुमा बेरोजगार युवाहरुको लागि गाउँपालिकाले उद्यमशिलता सम्वन्धी विभिन्न कार्यक्रमहरु संन्चालन गर्नुका साथै लघु उद्यम विकास कार्यक्रमलाई यस गाउँपालिकाले अझै सशक्त र पारदर्शि ढंगले कार्यन्यन गर्ने वचनका साथ बडादशै, शुभ दिपावली र छठ पर्व २०७८ को सु-अवसरमा सवैमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गदर्छु।

.................................
सुस्मिता सिंह
उपाध्यक्ष

# ठाटीकाँध गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

**लकान्द्र, दैलेख**

**कर्णाली प्रदेश, नेपाल**

मिति :- २०७८/०३/१२

**पत्र संख्या : २०७८/०७९**

**चलानी नं. :**



*शुभकामना ॥*

गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (MED-PA) संघिय सरकार वाट अनुदान सहयोग र यस गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत स्थानीयतहवाटै कार्यक्रम कार्यान्यिन भएकोमा हामी गौरवान्वीत भएकाछौं । मेड्पा कार्यक्रम अर्न्तगत यस गाउँपालिकामा संन्चालित क्रियाकलापहरु लाई समेटेर **"उद्यमीका कुरा"**नामक पुस्तक प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुशि लागेको छ। उद्यम विकास शाखा र मेड्पा परियोजनाको टिमको यो प्रयासलाई सराहना गदै सफलताको शुभकामना दिन चाहान्छु ।

सन् १९९८ देखि नेपालका सवै जिल्लाहरुमा अति विपन्न परिवारका युवाहरुमा उद्यमशिलताको माध्यमवाट सीप विकास तालिम प्रदान गरी लघु उद्यम विकासको अवसर सिर्जना गरि उनीहरुको घरपरिवार मा जिविकोपार्जनमा सुभार ल्याउने काम गरिवीन्युनीकरणको प्रयासमा एक कोशे ढुंगा सावित भएको देखिन्छ । उद्यम विकास शाखाका गतिविधिहरु, सफलताका कथाहरु, प्रमुख उपलब्धीहरु, सरोकारवालका निकायहरुको भनाई सहित उत्कृष्ट फोटाहरुको संयोजनले प्रकाशनको महत्व र अर्थ दुवै वढाउने छ। अन्तमा **"उद्यमीका कुरा"** नामक पुस्तक सवै उद्यमीहरुको लागि प्रेरणाको श्रोत बनोस्, पुस्तक प्रकाशन कार्यको पुर्ण सफलता सहित, उद्यमविकास शाखाको निरन्तर प्रगतिको शुभकामनाका साथै बडादशै, शुभ दिपावली र छठ पर्वको सुअवसरमा सवैमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गदर्छु ।

# विषय सूची

**शुभकामना :**

**१.** माननीय सभामुख श्री राजबहादुर शाही, कर्णाली प्रदेश

२. अध्यक्ष श्री धीर बहादुर शाही, ठाटीकाँध गाउँपालिका दैलेख

३. उपाअध्यक्ष श्री सुस्मिता सिंह (शाही) ठाटीकाँध गाउँपालिका दैलेख

४. प्रमुख प्रशासकीय अधिकृत श्री मन बहादुर थापा, ठाटीकाँध गाउँपालिका दैलेख

**विषय सुची**


१) ठाटीकाँध गाउँपालिका, दैलेखको संक्षिप्त परिचय

२) मेड्पा कार्यक्रमको छोटो परिचय

३) उद्यमशिलता विकास सम्बन्धिका विभिन्न लेख रचनाहरु

४) प्रतिनिधिमुलक सफल्ताका कथाहरु

५) मिडियामा ठाटीकाँध गाउँपालिका उद्यमविकास शाखा, दैलेखको उपस्थिती

६) ठाटीकाँध गाउँपालिकाको महत्वपुर्ण सम्पर्क नम्वरहरु

७) फोटो झलक

# सम्पादकीय


**समाज रुपान्तरणमा युवा उद्यमीहरुको भुमिका .................**

२१ औं सताब्दीको अन्त्य तिर आई रहदा नेपाली समाज पुरानै परम्परा र रीतिरिवाजमा आधारित भएर अगाडि बढिरहेको देखिन्छ। बर्तमान अवस्थामा नेपाली युवाहरु रचनात्मक, उद्यमशिल र प्रगतिशिल हुन नसक्नु नै नेपाली समाज रुपान्तरणतर्फ अग्रसर हुन नसक्नु हो। विश्व मानचित्रमा विकसित दुनियाँको चर्चा गर्दा त्यहाँका युवाहरुको अग्रसरता, रचना र प्रगतिशिल कुराले प्रत्येक्ष असर पारेको देखिन्छ। किनकी ती देशहरुमा युवाहररुको लागि आवश्यक शिक्षा, रोजगार तथा जीवन उपयोगी विविध सीप, प्रविधि र दक्षता प्रयाप्त रुपमा प्रदान गरिएको हुन्छ। सम्पादकीयमा हामीले उठान गर्न खोजेको कुरा नेपालको सम्बृद्धिकालागि युवाहरुलाई स्थानीय श्रोत साधनको समुचित प्रयोग गरी उत्पादनशिल उद्योग ब्यवसायमा संलग्न गराउनु पर्छ भन्ने हो। लोक कल्याणकारी राज्यमा, राज्यले नागरिकहरुलाई भरपुर रुपमा शिक्षा, स्वास्थ्य, रोजगार जस्ता आधारभूत आवश्यकत्ताहरु प्रर्दान गर्नु पर्ने हुन्छ र नागरिक प्रति जवाफदेहिता हुनु पर्दछ।

नेपाली समाज मिश्रित छ, यहाँ विभिन्न वर्ग, धर्म, जात र संस्कृतिका मानिसहरु बसोबास गर्दछन्। नेपाली युवाहरुमा चरम बेरोजगार, सीप विकास तथा अध्ययन अवलोकनको कमी, आधुनिक प्रविधिको पहुँचमा कमी र कुलतजस्ता समस्याहरु नेपाली युवाहरुका मुख्य समस्या हुन। यी समस्याहरुको उब्जीनुको मुख्य कारण उनीहरुमा उद्यमशिल सोचको विकास गर्न नसक्नु हो। यसै मुख्य सवालहरु लाई स्थानीय सरकार, प्रदेश सरकार र केन्द्रिय सरकारले ठोस कार्यक्रमहरु वनाएर सम्बोधन गर्नु पर्छ। हाम्रा देश विभिन्न उत्पादन मूलक क्षेत्रहरुको उर्वर भूमिको रुपमा सवैले मानेको अथाहा सम्भावना बोकेको देश भएर पनि रोजगारका अवसर सिर्जना हुन नसक्नु दुखत हो। कृषि, बन, पर्यटन, सेवा र कला क्षेत्रमा आधारित विभिन्न उद्योग ब्यवसायमा युवाहरुरुलाई संलग्न गर्न सकेको खण्डमा एकातिर रोजगारीको सिर्जना हुनुका साथै स्थानीय श्रोत साधनको प्रयोग मार्फत स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय वजारको माग पुरा गर्न सकिने देखिन्छ।

अन्तमा यो प्रकाशनलाई पूर्ण गराउनको लागि सहयोग गर्ने विभिन्न सरोकारवाला निकायहरु, जिल्ला उद्यम विकास समिति, प्रमुख प्रशासकीय अधिकृत, मेड्पा टि.ए.टिम, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेख साथै उद्यम विकास समतिका पदाधिकारी र उद्यम विकास शाखाका आवद्ध कर्मचारी र शुभचिन्तकहरुले निर्वाह गर्नु भएको भुमिकालाई उच्च सम्मान गर्दछु। भविस्यमा हुने यस्ता प्रकाशनको लागि पाठकहरुको सल्लाह सुझावको समेत अपेक्षा गरिएको छ। प्रकाशन गर्नमा सहयोग गर्ने उद्यमशिलता विकास केन्द्र टेकराज आचार्य र असिम थापामगरलाई विशेष धन्यवाद दिदै दैलेख जिल्लामा स्थापना भई विभिन्न उत्पादनमुलक कार्यमा संलग्न उद्यमी, ब्यवसायिहरुलाई यो **"उद्यमीका कुरा"**नामक पुस्तक उपयोगी हुने छ भन्ने पूर्ण विश्वास लिएको छु।
धन्यवाद।

# ठाटीकाँध गाउँपालिकाको नक्सा







सम्पुर्ण ठाटीकाँध गाउँपालिकाबासी नागरिकहरु,
देश विदेशमा रहेका सम्पुर्ण नेपालीहरुमा बडादशैं,
तिहार र छठ पर्व २०७८ को हार्दीक
मंगलमय शुभकामना ।





| अध्यक्ष | उपाध्यक्ष | प्रमुख प्रशासकीय अधिकृत |
|---|---|---|
| श्री धीर बहादुर शाही | श्री शुस्मिता सिंह (शाही) | श्री मन बहादुर थापा |

**ठाटीकाँध गाउँपालिका,**

गाउँकार्यपालिकाको कार्यालय लकान्द्र, दैलेख